Jana Aakash
National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- २८ २०८१ साल फागुन् २० गते मंगलबार (Mar 4, 2025) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## विदेशबाट फर्केका विद्यार्थीलाई त्रिविले पढाउने



**काठमाडौं–** अध्ययन पूरा नगरी विदेशबाट फर्केका विद्यार्थीलाई क्रेडिट ट्रान्सफर नीतिअनुसार पठनपाठन गराउन सकिने त्रिभुवन विश्वविद्यालयले जनाएको छ ।

रेक्टर खड्ग केसीले विज्ञप्ति जारी गर्दै इच्छुक विद्यार्थी र अभिभावकलाई विश्वविद्यालयमा सम्पर्क राख्नसमेत आग्रह गरेका छन् । 'भारतको उडिसा राज्यको भुवनेश्वरस्थित केआईआईटीमा सिर्जना भएको समस्याको कारणले स्वदेश फिर्ता हुन बाध्य भएका नेपाली विद्यार्थीहरुले त्रिविमा सञ्चालित कार्यक्रम र विषयमा अध्ययन गर्न चाहेमा क्रेडिट ट्रान्सफर नीतिअनुरुप भर्ना गर्न सकिने व्यहोरा जानकारी गराइन्छ,' विज्ञप्तिमा उल्लेख छ ।

यसअघि पूर्वाञ्चल र काठमाडौं विश्वविद्यालयले विदेशबाट फर्केका विद्यार्थीलाई क्रेडिट ट्रान्सफरमार्फत बाँकी पढाई पूरा गर्ने अवसर दिन सकिने भन्दै सम्पर्कमा आउन आग्रह गरेका थिए ।

पूर्वाञ्चल विश्वविद्यालयले विदेशमा अध्ययन पुरा गर्न नसकेका विद्यार्थीलाईलाई आफ्ना क्याम्पसहरुमा क्रेडिट ट्रान्सफर गरी अध्ययन गर्न सक्ने व्यवस्था गर्ने निर्णय समेत गरेको छ ।

रजिष्ट्रार कार्यालयले सूचना जारी गर्दै विदेशमा कारणवस अध्ययन पूरा गर्न नसकेका विद्यार्थीलाई सरकारको समन्वयमा प्रक्रिया पूरा गरी क्रेडिट ट्रान्सफरको व्यवस्था मिलाउने जनाएको छ ।

विश्वविद्यालयको आंगिक र सम्बन्धन प्राप्त क्याम्पसमा प्राज्ञिक परिषद्ले निर्धारण गर्ने मापदण्डबमोजिम उक्त व्यवस्था गर्ने सूचनामा उल्लेख छ । काठमाडौं विश्वविद्यालयले पनि यस्ता विद्यार्थीका लागि क्रेडिट ट्रान्सफररसंकलनका लागि छलफल डाकेको छ ।

प्राज्ञिक परिषद्लले विदेशी विश्वविद्यालयमा अध्ययनलाई निरन्तरता दिन नसक्ने विद्यार्थीको वस्तुस्थिति बुझ्न् छलफल डाकिएको जनाएको छ ।

# त्रिदेशिय विद्युत प्रशारण लाईन अन्तिम चरणमा




**काठमाडौं–** मार्च ३ अर्थात् विश्व वन्यजन्तु दिवस । वन्यजन्तु र मानवको बासस्थान पृथ्वीको अतिदोहन रोक्न तथा यसको जैविक विविधता, पर्यावरणीय एवं पारिस्थितिकीय प्रणालीको संरक्षणमा जोड दिँदै 'वन्यजन्तु संरक्षणमा वित्तः मानव र पृथ्वीमा लगानी' नाराका साथ संसारभर यो दिवस मनाइँदै आएको छ । त्यसैगरी नेपालले पनि विश्व वन्यजन्तु दिवशको अवसर पारेर नेपालमा लोपोन्मुख प्रजातिहरुको सरक्षण गर्ने मूख्य उदेश्य राखेर कार्यक्रमहरु गरेको छ ।

संयुक्त राष्ट्रसङ्घको ६८ औं महासभाले २० डिसेम्बर २०१३ मा जोखिममा रहेका वन्यजन्तु र वनस्पतिका बारेमा मानवलाई सचेत गराउने उद्देश्यले मार्च ३ लाई विश्व वन्यजन्तु दिवसको रूपमा घोषणा गरेको थियो ।

सन् १९७३ मा लोपोन्मुख प्रजातिका वन्यजन्तु र वनस्पतिको अन्तरराष्ट्रिय व्यापार महासन्धि (सिआइटिईएस) अनुमोदन भएको थियो । सोही वर्षको मार्च ३ देखि १४ सम्म थाइल्याण्डको राजधानी ब्याङ्ककमा आयोजित जलवायु परिवर्तनसम्बन्धी १६ औं राष्ट्रसङ्घीय सम्मेलन तथा सिआइटिईएस पक्षराष्ट्रको सम्मेलनले थाइल्याण्डको वन्यजन्तु दिवस मनाउने प्रस्ताव अनुमोदन गर्दै महासभासमक्ष स्वीकृतिका निम्ति अनुरोध गरेको थियो ।

राष्ट्रसङ्घका अनुसार सिआइटिईएसको सचिवालयले वन्यजन्तु तथा वनस्पतिसँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घीय निकायका साथै अन्य संस्थाहरुसँगको सहकार्यमा विश्व वन्यजन्तु संरक्षणसम्बन्धी परियोजनाको कार्यान्वयनलाई सहजीकरण गर्दै आएको छ । सिआइटिईएसमा १८३ देश सदस्य छन् ।

दश लाखभन्दा बढी वन्यजन्तु र वनस्पतिका प्रजाति लोप हुने जोखिम बढेको सन्दर्भमा वन्यजन्तु संरक्षणका निम्ति ठूलो धनराशि आवश्यक भएको विज्ञहरुले राख्दै आएका छन् ।

नेपालमा भने वन्यजन्तुको सरक्षणको लागि भनेर बाघको बढोत्तरी हुदा मानिसहरु बाघवाट असुरक्षित भईरहेका छन् । यस्ता मानवलाई नै असर हुने बाघ पाल्ने कि नपाल्ने पनि भन्ने विषयमा पनि बहस हुन जरुरी छ ।

## विद्युत् महसुल नतिर्नेको लाइन काटियो

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र तुलसीपुरले महसुल भुक्तानी नगर्ने ग्राहकको लाइन काट्न थालेको छ ।

तीन महिनाभन्दा बढी समयदेखि महसुल नतिर्ने आठ सय ८८ ग्राहकको लाइन काटिएको वितरण केन्द्र प्रमुख शिव नारायण गोशलीले जानकारी दिए । उनले माघ मसान्तसम्म बक्यौता तिर्न ९० दिन कटिसकेका ग्राहकको लाइन काटिएको बताए ।

भुक्तानी नतिरेको ६० दिन पुगेपछि लाइन काट्ने व्यवस्था छ । यहाँ भने ९० दिनपछि लाइन काटिएको हो ।

लाइन काटिएका आठ सय ८८ ग्राहकबाट रु ४२ लाख ४२ हजार १९९ उठाउन बाँकी छ । यीबाहेक एक हजार ७३३ ग्राहकबाट रु तीन करोड १३ लाख ९२ हजार ३३६ बक्यौता उठ्न बाँकी रहेको वितरण केन्द्र प्रमुख गोशलीले जानकारी दिए। यसमा सबैभन्दा बढी तुलसीपुर उपमहानगरपालिका क्षेत्रको बक्यौता छ ।



माघ मसान्तसम्म आठ सय ६० जनाको नयाँ लाइन जडान गरिएको वितरण केन्द्रले जनाएको छ । जसबाट रु सात करोड ५९ लाख ५३१ राजश्व सङ्कलन भएको छ । अग्रिम विद्युत् महशुल पनि उठ्ने गरेको छ ।

चालु आर्थिक वर्षको हालसम्म रु १३ लाख नौ हजार चार सय ९८ अग्रिम भुक्तानी हुने गरेको छ । आल अनलाइनबाट विद्युत् महशुल बुझाउने व्यवस्था छ तर हालसम्म २४ प्रतिशतले मात्रै यो सुविधा प्रयोग गरिरहेका छन् ।

## महाशिवरात्रिमा पशुपति आएका साधु सन्तलाई बाटो खर्चसहित बिदाइ गरियो




**काठमाडौं–** महाशिवरात्रिमा पशुपतिनाथमा मेला भर्न आएका साधु सन्तहरुलाई शुक्रवार बाटो खर्चसहित बिदाइ गरिएको छ । गुठी संस्थान र पशुपति क्षेत्र विकास कोषले बाटो खर्चसहित साधु सन्तहरुलाई बिदाइ गरेका हुन् ।

पशुपतिनाथ मन्दिरको मूल गेट अगाडि एक कार्यक्रम गरी उनीहरूलाई बाटो खर्चसहित बिदाइ गरिएको छ । साधु सन्तहरुलाई शुक्रवार दिउँसो सम्मको खाना र आवासको समेत व्यवस्था गरिएको कोषले जानकारी दिएको छ ।

साधु सन्तहरुलाई बाटो खर्च दिने काम गुठी संस्थानले मात्रै गर्दै आएकोमा केही वर्षयताबाट कोषले पनि केही खर्चको व्यवस्था गर्न थालेको हो

परापूर्वकाल देखिनै महाशिवरात्रि मेलामा आएका स्वदेशी तथा विदेशी साधु सन्तहरुलाई गुठी संस्थानले खाना, बस्न र बाटो खर्चको व्यवस्था गर्दै आएको छ । बिदाइका क्रममा कोषले साधु सन्तहरुलाई रुद्राक्षको माला समेत लगाई दिएको थियो ।



जन आकाश
Jana Aakash National Weekly
वर्ष -१७, अंक- २८, २०८१ साल फागुन् २० गते मंगलबार (MAR 4, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन ।
सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

## सामाजिक सञ्जालमा फैलाउने अराजकता नियन्त्रण गरौं ।

अचेल नेपालका एक खालका अराजक मानिसहरुले सामाजिक सजालको गलत प्रयोग गरी सामाजिक रुपमा अरुको मान मर्दन गरी असर पुऱ्याईरहेका छन् । यस्ता कार्यहरुले समाजमा असल कर्म गरीरहेकाहरुलाई निरुत्साहित तर्फ धकेल्न सक्छ । त्यसको असर राष्ट्रलाई पुग्न सक्छ । त्यसैले असल काम गर्नेहरुका लागि कुनै गलत मनसाय राखेर नेपालको प्रतिष्ठामाथि नै आच आउने कार्य गलत उदेश्य बोकेका मानिसले समेत यस्ता गलत अफवाह फैलाएर फाइदा उठाउन सक्छन् । त्यसैले समयमा नै यसको नियन्त्रण, नियमन हुन अत्यन्तै जरुरी छ ।

गतल उदेश्य राखेर सामाजिक सजालमा त्यस्ता भ्रम सृजना गरी सामाजिक सजालमा गलत प्रयोग कर्ताहरुलाई नियन्त्रणमा लिई सामाजिक सजाल गलत प्रयोग गर्दा कानूनी प्रक्रियामा सजायको भागिदार हुनुपर्दोरहेछ भन्ने आभास गराउन सक्नुपर्छ ।

अर्को चेतनाको अभावमा नबुझेर पनि सामाजिक प्रयोगकर्ताहरुले त्यस्ता कार्यहरु गरेका हुन सक्छन् । त्यस्तो हुन नदिन सम्बन्धित निकायले समय समयमा सूचना नै जारी गरेर सामाजिक सजाल प्रयोगकर्ताहरुलाई अनुशिक्षण गराउने, वेला वेलामा गाउँ शहर जताततै स्कुल, कलेज, विशेष गरेर टिनेजर अवस्थाका युवाहरुलाई यस्ता सामाजिक प्रयोग गर्दा अपनाउनुपने ' विधिहरुको वारेमा सिकाउने कामहरु गर्नु आजको टडकारो आवश्यकता देखिन्छ ।

कतिपय अर्ध चेत भएका अर्थात मानसिक रुपमा बिछुब्ध भएका मानिसहरुले सामाजिक सजाल प्रयोग गर्दा त्यसको असर देखिन सक्छ । त्यसैले त्यस्ता व्याक्तिहरु समाजमा रहेका भए उनिहरुलाई डिजिटल पहुचवाट टाढा राखेर सामाजिक रुपमा आउने समस्यालाई कम गर्न सकिन्छ ।

सामाजिक सजाल मानिसहरुका लागि अत्यन्तै सरल र सुविधायुक्त सेवा हो । तर यसको प्रयोग दुरुपयोग भएको खण्डले यसले पुऱ्याउने क्षतिले कुनैवेला कल्पना गरेको भन्दा निक्कै फरक हुने गरेको छ । त्यसकारण यसको नियन्त्रण, नियमन प्रयोगको लागि अग्रीम जानकारी सम्बन्धित निकायको अग्रसरता पनि उत्तिक्कै रहनुपर्दछ ।

# एसईई परीक्षाको तयारी



केशव अधिकारी

यस वर्ष अर्थात् २०८१ सालको एसईई परीक्षा आगामी चैतको ७ गतेदेखि आरम्भ हुँदै छ । विगतका केही वर्षदेखि एसईई परीक्षाको नतिजाको प्रतिशत घटेर जाँदै छ ।

प्रतिशत मात्र घटेको नभई माध्यमिक शिक्षाको गुणस्तरसमेत खस्केर जान थालेको छ । संस्थागत विद्यालयको तुलनामा सरकारी विद्यालयको सफलताको प्रतिशत अझै कम रहेको छ । जबकि सरकारी विद्यालयका सबैजसो शिक्षक शिक्षक आयोग पास गरी क्षमतावान् भन्ने प्रमाणित भएर नियुक्त भएका हुन्छन् ।

उता संस्थागत विद्यालयमा थोरै पैसामा काम गर्न चाहने शिक्षक पाएको खण्डमा गुणस्तरका कुरा तपसिलमा रहने गर्छन् । यसरी तुलना गर्दा संस्थागतको तुलनामा सामुदायिक विद्यालयहरूको नतिजा निराशाजनक रहेको पाइन्छ । जब एसईई परीक्षाको नतिजा प्रकाशित हुन्छ तब शिक्षा मन्त्रालयले आफूभन्दा तलको निकायलाई दोषारोपण गर्ने, उक्त निकायले पनि अझै तल्लोलाई दोषारोपण गरेर आफू चोखो बन्न खोज्ने र अन्त्यमा विद्यालयका शिक्षकका टाउकामा सबै दोष थोपरेर आफू चोखो बन्न खोज्ने बानी मौलाएको छ ।

एसईईको नतिजा सार्वजनिक भएको करिब दुई हप्तासम्म थोरै प्रतिशत विद्यार्थी मात्र किन सफल भए अनि धेरै प्रतिशत कसरी सफल हुन सकेनन् भनेर रोइलो मचिन्छ । अन्त्यमा शिक्षकले राम्ररी नपढाएकोले अब राम्ररी पढाउनका लागि चेतावनी दिने, तलब रोक्का गर्ने, जागिर घटुवा गर्ने भन्नेसम्मको रोइलो मच्चाइसकेपछिका केही दिनदेखि तैँ चुप मै चुपको वातावरण बन्छ । विगतका निकै वर्षअगाडिदेखि यो क्रम जारी छ ।

विगतको एसएलसी परीक्षालाई फलामे ढोका (आइरन गेट) भन्ने चलन थियो । अहिले पनि कतै-कतै त्यसको धङधडी रहेको पाइन्छ । आइरन गेट भन्नुको तात्पर्य के भने, एसएलसी परीक्षा पास भएपछि अरु माथ्लो तहको पढाइ सजिलै गर्न वा अगाडि बढाउन सहज हुन्छ भनेर भनिएको हुनसक्छ । तर विगतको तुलनामा एसईई परीक्षा दिने तयारीमा लागेका आम विद्यार्थी (झन्डै ९० प्रतिशत) मा पढाइ वा सिकाइको भोक लागेको पाइँदैन । केवल अभिभावक र शिक्षकको लागि पढिँदै छ कि भनेजस्तो प्रतिक्रिया विद्यार्थीबाट आउने गरेको छ ।

वि.सं. १९९० देखि नेपालबाट एसएलसी परीक्षा दिन थालिएको र झन्डै एक शताब्दीको समय बित्दै जाँदा पढाइ र सिकाइको गुणस्तर झन्–झन् खस्केर जान थालेको पाइन्छ । पढाइ र सिकाइको यो खस्काइका मुख्य कारणहरुमा आम विद्यार्थीको पढाइप्रतिको नकारात्मक धारणाले गर्दा भएको हो ।

दोस्रो कारण मनोरञ्जनका साधनको बढोत्तरी पनि एउटा प्रमुख कारण हो । अर्को कारण मिहिनेत गरेर अब्बल दर्जामा सफलता हासिल गर्न सक्ने जनशक्तिलाई पनि कतैबाट हौसला नमिल्नाले मनमा छाएको निराशाका कारणले गर्दा पनि पढाइको गुणस्तर खस्कन पुगेको हो । अर्को सानो कारणमा शिक्षक पनि पूर्ण निर्दोष रहेका हुँदैनन् । उनीहरुको विनायोजनाको सिकाइ र उपलब्धि हासिल भए/नभएको समीक्षा गराइको अभाव मात्र होइन कि शून्य समीक्षा आदिका कारणले हालको माध्यमिक शिक्षाको गुणस्तर खस्केर गएकै हो ।

तर गुणस्तर खस्केर गयो भनी हात बाँधेर कुनै पनि पक्षले बस्ने बेला यो होइन । एसईई परीक्षाको लागि चैत ७ गते पर्खँदै गरेका आम विद्यार्थीले सचेत भएर आजैदेखि प्रयास गर्न थाल्ने हो भने शिक्षाको गुणस्तर पनि सुधारेर लैजान सकिन्छ । अनि सफलताको प्रतिशत पनि अघिल्लो वर्षको तुलनामा दोब्बर बढेर जान सक्छ । एसईई परीक्षाको गुणस्तर सुधारका लागि शिक्षाको सर्वोच्च निकायले व्यापारको विज्ञापन गरेकै जसरी विद्यार्थी र शिक्षकको हौसला बढाउने तर निराश बनाउने होइन भन्नेजस्ता कार्यक्रम यो बीचको समयमा प्रस्तुत गर्नुपर्ने हुन्छ ।

विद्यार्थीको हौसला बढाउनको लागि आकर्षक पुरस्कारको व्यवस्थापन गर्न सकिन्छ भने स्थानीय निकायले आफ्नो मातहतमा रहेका विद्यालयका शिक्षकहरुलाई जागरुक बनाउने, सानो चेतावनी दिनेजस्ता काम गर्नुका साथै हरेक विद्यालयको तयारी परीक्षाको नतिजा स्थलगतरुपमा समीक्षा गर्ने र सुझाव वा हौसला के दिँदा जायज हुन्छ अवस्था हेरेर दिने काम गर्नुपर्छ ।

त्यति मात्र होइन, विपन्न वर्गका तर सिक्न इच्छुक र जागरुक विद्यार्थीलाई स्थानीय निकायले विषयगत शिक्षकको व्यवस्थापन गरेर भए पनि फाल्टु सिकाइको व्यवस्थापन गराउन वा गर्न सके अपेक्षित सुधार नभए पनि केही मात्रामा सुधार अवश्य हुनेछ । बरु यसका लागि संस्थागत विद्यालयका शिक्षकसँग समेत समन्वय गर्न सकिन्छ । एसईई परीक्षाको तयारीको लागि तेस्रो भूमिका निर्वाह गर्नुपर्ने काममा आम विद्यार्थीका अभिभावक सक्रिय हुनु जरुरी छ ।

आफ्ना सन्तानको पढाइको स्तर के छ ? पाढाइमा कतिको रुचि राख्ने गर्छन् ? घरमा बसेको समयमा कतिको ध्यानका साथ पढाइ-लेखाइ गर्छन् र जागरुक हुन्छन् ? भन्ने कुराको रेखदेख गर्ने कामको जिम्मा हरेक अभिभावकको हुनेछ । पढाइप्रति उनीहरूको हौसला बढाउनका लागि कुनै वस्तु प्राप्तिको आश्वासन बाँडेर पनि हौसला बढाउन सकिन्छ । उनीहरुको खाने समय, सुत्ने वा आराम गर्ने समय, मनोरञ्जन गर्नेसमेत केही समय छुट्याएर हौसला बढाइदिने हो भने एसईई परीक्षा आरम्भ हुने दिनसम्मको यो सुवर्ण अवसरको भरपूर सदुपयोग गरेको खण्डमा निकै राम्रो नतिजाको अपेक्षा राख्न सकिने स्तरमा पुग्न सक्छन् ।

उनीहरू पढाइ-लेखाइ गर्न सिकिरहँदाको अवस्थामा कसरी सिक्दै छन् भन्ने कुरा पनि निकै महत्वपूर्ण हुन्छ । उनी कापीमा लेखेको कुरा कराएर घोक्दै छन् भने त्यो मध्यम किसिमको सिकाइ हुन्छ । खर्रर पढेर मनमा विचार राख्दै सम्झन खोज्छन् भने त्यो उच्च विशिष्ट तरिकाको पढाइ वा सिकाइ हुन्छ । त्यस्तै आफ्ना सन्तानले लेखपढ गर्ने समयमा एक्लै बसेर लेखपढ गर्न रुचाउँछन् वा साथीसँग बसेर ? भन्ने कुरा पनि महत्वको विषय हो ।

एक्लै नबसेर साथीसँग बसी सिकाइ गर्दा दुईजना मात्र बस्छन् वा दुईभन्दा अधिक साथी बसेर पढ्छन् ? भन्ने कुराको निरीक्षण गर्ने काम पनि अभिभावकको जिम्माको काम हो । लेखपढ गर्न बस्दा एकजना मात्र टाइट हुन्छ, दुईजना राइट हुन्छ र तीनजना सँगै बसे फाइट हुन्छ भनेर अनुभव बटुलेका व्यक्तिले भनेका छन् । त्यसैले आफ्ना सन्तानले साथीसँग बसेर पढ्न वा सिक्न खोज्छ भने ऊ आफू, अनि अर्को एकजना मात्र साथीसँग बस्नु र सिक्नु उपयुक्त हुन्छ । दुईभन्दा अधिक भएपछि पढाइभन्दा नचाहिँदा गफतिर मन जानुका साथै विवादसमेत पर्न सक्छ ।

त्यसैले आफूभन्दा अधिक जान्ने र इमानदार मिहिनेत गर्न सक्ने साथीको छनोट गरेर केवल दुईजना मात्र बसेर सिकाइ गरेको खण्डमा यस्तो सिकाइ अधिक प्रभावकारी सिकाइ हुनसक्छ । अभिभावकका यी जिम्मेवारीपछि सबैभन्दा महत्वपूर्ण जिम्मेवारी एसईई परीक्षामा सामेल हुनुपर्ने विद्यार्थीको हुन्छ । यदि विद्यार्थीले यो पढाइ आफ्ना लागि तर अरु कसैका लागि पनि होइन भन्ने सोचाइ बनाउन सकेको खण्डमा पनि उसले प्रभावकारी सिकाइ गर्न सक्छ ।

होइन भने अभिभावकले गाली गर्नुहोला वा कुनै सजाय नै पनि दिनुहोला भन्ने खालका विचार मनमा राखेर सिक्न बस्ने विद्यार्थीले खास सिकाइ गर्न सक्दैन । जुन विद्यार्थीले यो पढाइ आफ्ना लागि हो, यदि मैले सफलता हासिल गर्न सकिन भने साथीभाइले के भन्लान् ? अथवा आफूलाई लाज हुनेछ भन्ने कुरा आत्मसात् गर्ने विद्यार्थीले अवश्य पनि सफलता हात लाउने गरी इमानदार मिहिनेत गरेरै छोड्छ ।

विद्यार्थीभित्र सिकाइको भोक जागेको छ भने उसले जसरी पनि सिक्न र जान्न खोज्छ । यदि होइन भने पढाइ र लेखाइबाट कसरी उम्केर भाग्ने ? भन्नेजस्तो मानसिकताको विकास भएर जान्छ । विद्यार्थीको यस्तो सकारात्मक वा नकारात्मक विचार उत्पन्न गराउने कुरामा उनीहरूको बासस्थानको बसाइको र व्यवहारको पनि गठजोड मिलेको हुन्छ । अब चैत महिनामा सञ्चालन हुन गइरहेको एसईई परीक्षाको तयारीका लागि विद्यार्थी आफैँ जागरुक हुन जरुरी छ ।

जागरुक हुनु भनेको सही समयको सही तरिकाले सदुपयोग गरेर दिमागमा थोरै पनि दिक्दारी नआउने तरिका अपनाएर अथवा पढाइलाई मनोरञ्जनात्मक खेलाइका रुपमा मानेर सिक्ने हो भने दिक्क लाग्नुको साटो मन सन्तुष्ट भएर आनन्दसमेत प्राप्त हुँदै जानेछ । एसईई परीक्षामा सामेल हुने विद्यार्थीले जतिवटा विषयको परीक्षा दिनुपर्ने हो ? ती सबै विषयहरु उत्तिकै महत्वका विषय हुन् । एउटा विषयमा अलि धेरै अंक हासिल गर्न त सकियो तर कुनै अर्को विषयको परीक्षामा असफल नै अवस्था रहेको छ भने त्यस्ता विद्यार्थीले पढाइको तरिका परिवर्तन गर्न जरुरी हुन्छ ।

अलि गाह्रो लाग्ने वा प्रयोगात्मक अभ्यास धेरै गरिरहनुपर्ने विषयलाई अलि बढी समय र त्यसो गर्नु नपर्ने विषयको पढाइलाई अलि कम समय दिए पनि पुग्ला । तर महत्व भने दुवै वा सबै विषयलाई दिइनु नै पर्नेछ । कसैले अरु साथीको नक्कल गरेर परीक्षा राम्रो बनाउँछु भनी सोचेको छ भने त्यो सोचाइ सबैभन्दा निकृष्ट (तल्लो दर्जाको) सोचाइ हो भनेर जान्नुपर्छ । विद्यार्थीले आफूमा हरसमय पढाइप्रतिको लगाव बढाउनको लागि सिक्ने इच्छाको बढोत्तरी गर्न जरुरी छ ।

सिक्ने इच्छा नै मरेको वा नभएको मान्छेले सिक्न नसक्ने भन्ने त होइन तथापि उसलाई त्यो सिकाइ धेरै बोझिलो भएर ठूलो भारीले थिचेजस्तो अनुभूति भइरहेको हुन्छ । मानसमा त्यस्तो अनुभूति बोकेको विद्यार्थीले धैर्यताका साथ सिकाइमा सहभागी हुन अवश्य सक्नेछैन ।

यस लेखमा जति पात्रलाई जिम्मेवार बनाउन खोजियो ती सबै पात्रले आ-आफ्ना तर्फबाट आफ्ना भूमिका निर्वाह गरिदिएका खण्डमा २०८१ सालको एसईई परीक्षाको नतिजा प्रकाशित हुँदा नाटकीय रुपमा पढाइको गुणस्तरमा र सफलताको प्रतिशतमा समेत धेरै मात्रमा बढोत्तरी भएर जानेछ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ । त्यसैले सम्बन्धित सबै पक्ष यसको तयारीमा जुटौँ अनि पछि कसैले कसैलाई आरोप-प्रत्यारोप नगरौँ ।

# लामो समय कलाकारिता क्षेत्रमा समय बिताउदैआएका कलाकार सितल केसी



*काठमाडौं– बिगत लामो समयदेखि कलाकारिता क्षेत्रमा समय बिताउदै आएका सितल केसी नेपाली चलचित्र उद्योगका एक अत्यन्तै चर्चित र सम्मानित अभिनेता हुन् । उनले अभिनय गरेका दर्जनौं फिल्महरू नेपाली चलचित्र दर्शकमाझ अत्यधिक लोकप्रिय भएका छन् । उन्ले आफूलाई एउटा स्थापित कलाकारको रूपमा चिनाएका छन् । उनका फिल्महरूमा उनले प्रस्तुत गरेका चरित्रहरूले दर्शकलाई आकर्षित गरेका छन् र हरेक भूमिका निकै प्रभावशाली बनाएका छन् । ह्वट्ट हेर्दा राजेश हमाल जस्तै लुक्स देखिने चर्चित कलाकार सितल केसीसँग जन आकाश मिडियाका संवाददाता विनोद कार्कीसंग गरेको कुराकानी हामीले यस अक्तमा यसरी प्रस्तुत गरेकाछौं ।*

**तपाईँलाई देखेर राजेश हमाल भनेर दर्शक झुक्किएकाछन् ?**

नाइँ त्यस्तो छैन राजेश हमाल जस्तै अनुवार चाही छ भन्छन् तर राजेश हमाल नै हो भनेर चाही झुकिएका छैनन् । राजेश हमालसँग मेरो अनुवार मिल्न गए पनि म राजेश हमाल चाही हैन राजेश हमालको कलाकारिता क्षेत्रमा छुट्टै योगदान छ मेरो पनि छुट्टै योगदान छ । त्यसैले म सितल केसी हो मलाई सितल केसी भनेर चिन्छन् ।

**कलाकारिता क्षेत्रमा लागेको कति भयो ?**

मैले कलाकारिता क्षेत्रमा करिब २० वर्ष बिताइसकेको छु । यो लामो समयदेखि म यसै क्षेत्रमा समर्पित छु । कलाकारिता क्षेत्रलाई मैले मेरो जीवनको एक महत्त्वपूर्ण भाग बनाएको छु । विभिन्न चुनौतिहरू र कठिनाइहरूको सामना गर्दै पनि, मैले यस क्षेत्रमा आफ्नो स्थान बनाएको छु। जब मैले यस क्षेत्रमा प्रवेश गरे, तब यो क्षेत्रलाई छोड्न सकिन् । मैले कलाकारिता क्षेत्रमा गरेको मेनहतका प्रयासहरूले मलाई आज सम्मान र प्रतिष्ठा दिलाएको छ । यस क्षेत्रले मलाई जीवनको विभिन्न पलमा समृद्धि र उत्साह दिएको छ, र म अझै यसलाई थप समृद्ध बनाउन निरन्तर काम गर्दै जाने छु ।

यस २० वर्षको यात्रामा मैले धेरै सङ्घर्ष र चुनौतीहरूको सामना गर्दा, मैले कलाकारिता क्षेत्रमा स्थिरता र सम्मान प्राप्त गरेको छु, र भविष्यमा अझ राम्रो काम गर्ने र यस क्षेत्रलाई अझ उच्च स्थानमा पुऱ्याउने प्रयासमा जुट्नेछु ।

**भविष्यको योजना के छ ?**

मैले यो क्षेत्रमा २० वर्ष बिताइसकेको भए पनि मेरो यात्रा यहीँ समाप्त हुँदैन । म अझै नयाँ चुनौतीहरूको सामना गर्न र अझ उत्कृष्ट काम गर्न चाहन्छु । भविष्यमा, म नेपाली चलचित्र उद्योगमा अझ ठुलो योगदान दिन चाहन्छु ।

उनको यात्रा यस क्षेत्रमा अझै लामो र सफल बनोस् भन्ने शुभकामना दिएका छन्। सितल केसीसँगको यो कुराकानीले उनको सङ्घर्ष र समर्पणलाई स्पष्ट पार्दछ र हामी सबैलाई प्रेरित गर्छ।यस २० वर्षको यात्रामा उनले प्राप्त गरेको स्थिरता र सम्मान देखेर, यो भन्न सकिन्छ कि सितल केसी नेपाली कलाकारिता क्षेत्रमा एक महत्त्वपूर्ण नाम बनेका छन् र भविष्यमा पनि यो नाम अझ उच्च स्थानमा पुग्नेछ ।

# भूमि सम्बन्धी अध्यादेशमा एकमत छैनन् मधेस केन्द्रित दल



**काठमाडौं–** साझा मुद्दा र साझा एजेन्डामा एकसाथ उभिने भन्दै आठ दलीय मोर्चा गठन गरेका मधेस केन्द्रित दलहरू भूमि सम्बन्धी अध्यादेशका सवालमा भने विभाजित देखिएका हुन् ।

आठ दलीय मोर्चामा रहेका जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय मुक्ति पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, जनता प्रगतिशील पार्टी, तराई मधेस लोकतान्त्रिक पार्टीको विचार अध्यादेशको बारेमा अलगअलग छ ।

अध्यादेश आएपछि संघीय सरकारमा रहेका जसपा र लोसपा नेपालले भागबन्डा पनि पाइसकेका छन् । अध्यादेशसँगै जिल्ला तहमा भूमि समस्या समाधान आयोग गठन गरिएको छ । ७७ जिल्लामध्ये कांग्रेस र एमालेले, ३७-३७ वटा जिल्लामा आयोगको नेतृत्व पाएका छन् भने अशोक राई नेतृत्वको जसपाले २ र महन्थ ठाकुर नेतृत्वको लोसपा नेपालले १ जिल्ला पाएका छन् । यस कारणले पनि जसपा र लोसपा नेपाल अध्यादेशप्रति नरम देखिएका छन् ।

अध्यादेश पास गराउनमा निर्णायक रहेको जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले भूमि सम्बन्धी अध्यादेश फिर्ता नलिए अरु पाँच वटा अध्यादेशमा पनि समर्थन नजनाउने चेतावनी दिइसकेका छन् । जसपा नेपालले भूमि सम्बन्धी अध्यादेश फिर्ता लिन सरकारलाई सुझाव दिएको छ

शुक्रबार जसपा नेपालले भूमि सम्बन्धी अध्यादेशको बारेमा बृहत् अन्तरक्रिया आयोजना गरेको छ । त्यसमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टी नयाँ शक्तिका अध्यक्ष डा।बाबुराम भट्टराई, लोसपा नेपालका महन्थ ठाकुरलगायतका नेताहरूलाई वक्ताको रूपमा जसपा नेपालले निम्त्याएको छ ।

महन्थ ठाकुर नेतृत्वको लोसपा नेपाल र डा।सीके राउत नेतृत्वको जनमुक्ति पार्टीले भूमि सम्बन्धी अध्यादेशलाई संशोधन गर्न भनेका छन् । सत्ताधारी ती दुई दलले अन्य पाँच वटा अध्यादेशमा समर्थन रहेको तर भूमि सम्बन्धी अध्यादेशलाई संशोधन गर्नुपर्ने प्रस्ट पारेका छन् । यद्यपि ती दुई दलले अध्यादेशलाई समर्थन गर्नु र नगर्नुले संसदमा खासै महत्त्व राख्दैन । प्रतिनिधि सभामा मधेस केन्द्रित दलविना नै कांग्रेस-एमाले गठबन्धन बहुमतमा छ राष्ट्रिय सभामा भने सत्ता पक्षलाई अध्यादेश पारित गर्न जसपा नेपालको समर्थन आवश्यक पर्ने देखिन्छ ।

अशोक राई नेतृत्वको जसपाले अध्यादेश ठिक रहेको तर त्यसको दुरुपयोग नहोस् भनेको छ । पहाड वा तराई, जताका सुकुम्बासी भए पनि सबैले एक पटक जग्गा पाउनुपर्ने जसपाको भनाइ छ । सो पार्टीका महासचिव इस्तियाक राइले रातोपाटीसँगको अन्तरवार्तामा नै आफ्नो पार्टी अध्यादेशको पक्षमा रहेको र यसको दुरुपयोग नहोस् भनेर सचेत गराएको बताएका थिए ।

मधेस प्रदेश सरकारको नेतृत्व गरेको जनमत पार्टीले अध्यादेशप्रति सचेत गराएको छ । तर अध्यादेश पास गराउनमा सहयोग गर्नेरनगर्ने विषयमा केही बोलेको छैन ।

संसदमा नरहेका दल तमलोपा, राष्ट्रिय मुक्ति पार्टी नेपाल र जनता प्रगतिशील पार्टीले भूमि सम्बन्धी अध्यादेशको विरोध गरेका छन् । जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयेश त्रिपाठीले भूमि सम्बन्धी अध्यादेशको विरोध गर्दै जसपा नेपाल र लोसपा नेपालले लिएको अडानको समर्थन गरेका छन् ।

**सामाजिक सञ्जालमार्फत कसैको चरित्रहत्या नगरौ**

## रामेछाप डायरी

# गोकुलगंगा च्याम्पियनसिप २०८१ भव्यताको साथ सम्पन्न

■ विनोद कार्की

**रामेछाप** – रामेछापको गोकुलगंगा युवा सञ्जालको आयोजनामा बागमती प्रदेशस्तरीय अन्तर-पालिका पुरुष भलिबल प्रतियोगिता भव्य रूपमा सम्पन्न भएको छ ।

फागुन १४ गतेबाट निरन्तर चलेको गोकुलगंगा च्याम्पियनसिप-२०८१ को समापन समारोहमा प्रमुख अतिथिको रूपमा नेपाल सरकारका ऊर्जा, जलस्रोत तथा सिंचाई राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम) को उपस्थित रहेको थियो ।

कार्यक्रमको सभापतित्व अनुज खड्काले गरेका थिए भने विशेष अतिथिका रूपमा जिल्ला समन्वय प्रमुख चिना कार्की, गोकुलगंगा गाउँपालिकाका अध्यक्ष काजि बाहादुर खड्का, उपाध्यक्ष उषादेवी कार्की, नेपाली कांग्रेसका पार्टी सल्लाहकार कृष्ण महत तथा नेपाली काङग्रेसका नेपाल तरूणा दलका केन्द्रिय सदस्य रमेश खड्का लगायतका विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

चार दिनसम्म चलेको भलिबल प्रतियोगितामा गोकुलगंगा गाउँपालिकाले प्रथम स्थान हासिल गर्न सफल भयो भने लिखु तामाकोसी गाउँपालिकाले दोस्रो स्थान, जिरी नगरपालिकाले तेस्रो स्थान र कमलामाई नगरपालिकाले सान्त्वना स्थान प्राप्त गर्न सफल भएको छ ।



उक्त कार्यक्रममा बोल्दै ऊर्जा तथा जलस्रोत राज्यमन्त्री कान्छाराम तामाङले गोकुलगंगा युवा सञ्जालले आयोजना गरेको यस भलिबल प्रतियोगितामा प्रमुख अतिथिको रूपमा सहभागी हुन पाउँदा खुशी लागेको बताए। साथै, गोकुलगंगा गाउँपालिकाको विकासका लागि आफू सधैं तत्पर रहने र स्थानीय भूगोलको अध्ययन गरेर प्रभावकारी विकास योजनाहरू लागू प्रतिबद्धता समेत जनाए ।

गोकुलगंगा युवा सञ्जालका अध्यक्ष अनुज खड्काले कार्यक्रम सफल ढंगले सम्पन्न गर्न सहयोग पुऱ्याउने सम्पूर्ण सहानुभावलाई धन्यवाद व्यक्त गर्दै कुनै कमी-कमजोरी भए क्षमायाचना गर्दै आगामी दिनहरूमा अझ व्यवस्थित र भव्य कार्यक्रम गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

# रास्वपा रामेछापले खाडादेवी गाउँपालिका संयुक्त वडा भेला सप्पन्न गर्यो



**रामेछाप–** राष्ट्रिय स्वतन्त्र पार्टी रामेछापले जिल्लाभरी वडा अधिवेशन थालेको छ। यहि फागुन ७ गते गुम्देलवाट उमाकुण्ड गाउपालिकाको वाडन १ वाट वडा अधिवेशन शुरु गरेको रास्वपा रामेछापले उमाकुण्डको ७ वटै वडाहरुमा वडा अधिवेशन सम्पन्न गरेको छ ।

त्यसैगरी यहि फागुन १७ गते खाडादेवि गाउपालिकाले संयुक्त वडा भेलाको आयोजना गरेको छ । उक्त भेलाको आयोजना रास्वपा खाडादेवि गाउपालिकाले गरेको थियो । त्यस कार्यक्रमको अध्यक्षता त्यसै गाउपालिकाका सभापति निराजन पौडेलले गरेका थिए । प्रमुख बक्ताको रुपमा त्यसै गाउपालिकाका राष्ट्रिय स्वतन्त्र पार्टीका बागमती प्रदेश सदस्य बिपेस खत्री आएका थिए । अतिथिहरुमा जिल्लाका पदाधिकारीहरुको उपस्थिति , पुर्व निर्वाचन क्षेत्रका पदाधिकारीहरु, सक्रिय सदहरुको उपस्तिथिमा पालिकाका स्थानीयहरु भेला भएका थिए ।

उक्त भेलाले खाडादेवि गाउपालिकामा ९ वटै वडालाइ समेटने गरी राष्ट्रिय स्वतन्त्र पार्टीको खाडादेवि गाउपालिका सम्पर्क समिति गठन गर्ने निर्णय गरी विभिन्न पदाधिकारीहरुलाइ जिम्मेवारी तोकेको छ ।

बागमती प्रदेश सदस्य बिपेस खरीले भुमिका निर्वाह गर्ने पालिका सभापति निराजन पौडेलको संयोजकत्वमा केशव केसि,राम कुमार खत्री, खिल बहादुर बुढाथोकी, शान्ति बहादुर कार्की, यज्ञ बहादुर खत्री, बच्चु नेपाली, केद्र खत्री, रत्न बहदुर श्रेष्ठ, नारायण श्रेष्ठ, शखर श्रेष्ठ, रुकेस श्रेष्ठ, आसिस श्रेष्ठ, हुकुम श्रेष्ठ, गगा श्रेष्ठ, डम्बर बहादुर श्रेष्ठ, हिरोनि माया श्रेष्ठ, कुमार मगर, राम बहादुर भण्डारी, टलक बहादुर भण्डारी , अनिल कुमार भण्डारी, रबिन्द्र भण्डारी, रामहरि जेरु, उमेस पहरि, सुदिप भुजेल, सुदर्शन भण्डारी, राजकृष्ण तामाङ , बिकास लामा, सुनिल तामाङ, मोतिलाल घिसिङ, प्रसङ्ग लामा, ललित महर्जन, चक्र मोक्तान , मेगराज मगर, रवि महत, राज श्रेष्ठ लगायत पदाधिकारीलाइ जिम्मेवारी तोकेको हो ।

# रिंकु मृत्यु प्रकरण घटना दबाउन पञ्चायती बस्ने ३ जनाविरूद्ध ५ दिन म्याद थप

**काठमाडौं–** सिरहाको नवराजपुर गाउँपालिका-१ भगवतीपुरकी रिंकुकुमारी सदायको शंकास्पद मृत्यु प्रकरणमा पक्राउ परेकामध्ये तीन जनाविरुद्ध म्याद थप भएको छ ।

सिरहा प्रहरीले आइतबार मात्रै घटना दबाउन पञ्चायती बसेको आरोपमा आठ जनालाई नियन्त्रणमा लिएको थियो । ती मध्ये ३ जनाको भूमिका शंकास्पद देखिएपछि प्रहरीले अनुसन्धान अघि बढाएको हो ।

उनीहरुमाथि हिरासतमा राखेर अनुसन्धान गर्नुपर्ने भन्दै प्रहरीले सोमबार सिरहा जिल्ला अदालतमा म्याद थपका लागि उपस्थित गराएको थियो ।

सोमबार मात्रै अदालतले ३ जनाविरुद्ध ५ दिनको म्याद थप गरेको सिरहाका एसपी रमेश पण्डितले जानकारी दिए ।

उनका अनुसार म्याद थप भएर हिरासतमा हुनेहरुमा नवराजपुर गाउँपालिका-१ भगवतीपुर गाउँका करिब ८४ वर्षीय चन्देश्वर मण्डल, ४५ वर्षीय रामविनोद मण्डल र ४५ कमलेशकुमार दास छन् ।

उनीहरूमाथि पञ्चायतद्वारा लेनदेन गरी मिलापत्र गर्न गराउन संलग्न रहेको कसुरमा अनुसन्धान अघि बढाइएको छ । उनीहरुलाई इलाका प्रहरी कार्यालय लाहानको हिरासतमा राखेर अनुसन्धान अघि बढाइएको छ ।

मृतक परिवारले गत फागुन ८ गते चारवटा मुद्दामा ८ जनाविरुद्ध पूरक जाहेरी दिएका थिए ।

गत माघ ३० गते रिंकु आफ्नै घरमा झुन्डिएको अवस्थामा मृत फेला परेकी थिइन् । त्यसअघि २७ गते राति शौचालय गर्न बाहिर निस्केकी रिंकु ६ घण्टासम्म वपेपत्ता भएकी थिइन् ।

२८ गतेको बिहानीपख ३ बजेतिर उनी आफ्नै घरमा अचेत भेटिएकी थिइन् । शौचालय गर्न निस्केका बेला उनलाई स्थानीय तीन युवाहरुले घरबाट केही पर लगेर सामूहिक बलात्कार गरेको पीडित परिवारको दाबी छ ।

रिंकुले आफूमाथि बलात्कार भएको विषय पञ्चायतीमा समेत बताएकी थिइन् । उक्त विषय बाहिर आएपछि घटना दबाउन पञ्चायती बसेको र पैसाको मोलमोलाई भएको प्रहरी अनुसन्धानबाट पनि पुष्टि भएको छ ।

वर्ष -१७, अंक- २८, २०८१ साल फागुन् २० गते मंगलबार (MAR 4, 2025)

# विद्युत् प्राधिकरणको ६ महिनामा नाफा ११ अर्ब ३६ करोड

**नाफा/नोक्सान अवस्था**

| आर्थिक वर्ष | नाफा (रुपैयाँ) | घाटा (रुपैयाँ) |
|---|---|---|
| २०७२/७३ | | ८ अर्ब ८९ करोड |
| २०७३/७४ | १ अर्ब ५० करोड | |
| २०७४/७५ | ३ अर्ब ४४ करोड | |
| २०७५/७६ | ९ अर्ब ८१ करोड | |
| २०७६/७७ | ११ अर्ब ७५ करोड | |
| २०७७/७८ | ६ अर्ब ९ करोड | |
| २०७८/७९ | १३ अर्ब ३७ करोड | |
| २०७९/८० | ९ अर्ब ४१ करोड | |
| २०८०/८१ | १४ अर्ब ४६ | |
| २०८१/८२ (६ महिना) | ११ अर्ब ३६ करोड | |

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष २०८१र८२ पहिलो ६ महिनामा ११ अर्ब ३६ करोड रुपैयाँ बराबर नाफा कमाएको छ ।

प्राधिकरणले यस अवधिमा विद्युत् बिक्री, ब्याज तथा अन्यबाट कुल ७० अर्ब ४४ करोड रुपैयाँ आम्दानी गरेको छ । विद्युत् खरिद, प्रशासनिक, विभिन्न आयोजना लगायतमा जम्मा ५९ अर्ब ८ करोड रुपैयाँ खर्च गरिएको छ । यसरी चालु आव साउनदेखि पुस मसान्तसम्म प्राधिकरण अप्रशोधित नाफा ९करकट्टी गर्नुअघि० ११ अर्ब ३६ करोड रुपैयाँ हुने प्रक्षेपण गरिएको छ ।

२०७२/७३ मा ८ अर्ब ८९ करोड वार्षिक घाटामा रहेको प्राधिकरण त्यसपछिका वर्षबाट निरन्तर नाफामा छ । गत आव २०८०/८१ मा प्राधिकरणले १४ अर्ब ४६ करोड नाफा आर्जन गरेको थियो ।

आफूले कमाएको नाफाबाट प्राधिकरणले विद्युत् उत्पादन, प्रसारण र वितरणतर्फका पूर्वाधार विस्तार एवं सुदृढीकरण र विद्युतीकरण तर्फका आयोजनामा लगानी गरिरहेको छ ।

प्राधिकरणले चालु आव पहिलो ६ महिना विद्युत् बिक्रीबाट ५३ अर्ब १८ करोड रुपैयाँ संकलन गरेको छ । यस अवधिमा प्राधिकरणका सहायक तथा सम्बद्ध कम्पनीबाट १ अर्ब १५ करोड र अन्य निजी उत्पादक कम्पनीबाट ५ अर्ब १६ करोड गरी जम्मा ६ अर्ब ३१ करोड युनिट विद्युत खरिद गरिएको छ । त्यसका लागि ३४ अर्ब ८४ करोड रुपैयाँ रकम भुक्तानी भएको छ ।

भारतबाट २४ करोड २० लाख युनिट विद्युत् आयात गरी १ अर्ब ६५ करोड रुपैयाँ भुक्तानी गरिएको छ । गत साउनदेखि पुससम्ममा १ अर्ब ७७ करोड १८ लाख युनिट विद्युत् भारततर्फ निर्यात गरी १३ अर्ब ९ करोड रुपैयाँ आम्दानी गरिएको छ ।

यस अवधिमा सरकार र वैदेशिक सहायताबाट प्राप्त विकास बजेट अन्तर्गत विभिन्न आयोजना र विद्युतीकरणमा प्राधिकरणका तर्फबाट १३ अर्ब ३५ करोड रुपैयाँ खर्च गरिएको छ । वैदेशिक सहायता सोझै भुक्तानीतर्फ १० अर्ब ४९ करोड रुपैयाँ खर्च भएको छ ।

# एनसेल फाउन्डेसन 'नेपाल लिटरेचर फेस्टिभल' सुरु,

**काठमाडौं–** एनसेल फाउन्डेसन 'नेपाल लिटरेचर फेस्टिभल' बिहिबार पोखरामा सुरु भएको छ । बुकवर्म फाउन्डेसनको आयोजनामा सुरु भएको फेस्टिभल सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले उद्घाटन गरे ।

उनले परिवर्तनका लागि साहित्य एकदमै सशक्त हतियार भएको भन्दै लिटरेचर फेस्टिभल इनोभेटिभ र क्रियटिभ भएको बताए ।




नेपाल पर्यटन बोर्डका गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले फेस्टिभलले पर्यटन प्रवर्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । उद्घाटन समारोहमा ६ वर्षिया भूमिलक्ष्मी पराजुलीको चित्रकथा पुस्तक 'मर्मेड ह्वेल प्रिन्सेस' विमोचन गरियो ।

उद्घाटनअघि प्राध्यापक तथा अर्थशास्त्री महेन्द्र पी लामाले विद्वत्प्रवचन दिएका थिए । फेस्टिभलमा विभिन्न सत्रमा छलफल भएको छ ।

सञ्चारमन्त्री गुरुङसँग विजय तिमल्सिनाले सञ्चार क्षेत्रमाथि केन्द्रित रहेर संवाद गरे भने अध्यात्म र संघर्षमाथि अभिनेत्री मनीषा कोइरालासँग लेखक एवम् पत्रकार विजय कुमारले कुरा गरे । ५० भन्दा बढी सत्रमा छलफल हुने फेस्टिभल १८ गतेसम्म चल्नेछ ।

# म्यानुफ्याक्चरिङ क्याटागोरीमा पायो कर्पोरेट एक्सिलेन्स अवार्ड

**काठमाडौं–** शिवम् सिमेन्ट कर्पोरेट एक्सिलेन्स अवार्डबाट सम्मानित भएको छ ।

कर्पोरेट क्लब नेपाल प्रालिले मंगलबार काठमाडौंमा एक समारोहबीच शिवम् सिमेन्टलाई म्यानुफ्याक्चरिङ क्याटागोरीतर्फ कर्पोरेट एक्सिलेन्स अवार्ड प्रदान गरेको हो ।

कम्पनीले यसअघि एनएस क्वालिटी, इनर्जी एण्ड इन्भाइरोमेन्ट, बेस्ट म्यानेज्ड कम्पनी अफ द इयर, आउटस्ट्यान्डिङ इन्टरनेसनल लिडरसिप अचिभर्स लगायत विभिन्न अवार्ड पाइसकेको छ ।

कम्पनीले अत्याधुनिक जर्मन प्रविधियुक्त प्लान्टबाट आफ्नै चुनढुङ्गा प्रयोग गरी उच्च गुणस्तरको क्लिंकर तथा




४३ र ५३ ग्रेडको सिमेन्ट उत्पादन गर्दै आएको छ ।

# एनएसीको न्यारोबडी जहाज मर्मतपछि दमामबाट ८७ यात्रु लिएर आइपुग्यो काठमाडौं

**काठमाडौं–** नेपाल वायुसेवा निगम (एनएसी)को ९ एन-एकेएक्स कलसाइनको न्यारोबडी जहाज मर्मतपछि दमामबाट ८७ यात्रुसहित काठमाडौंमा अवतरण गरेको छ ।

जहाज मंगलबार बिहान १०:२० बजे त्रिभुवन विमानस्थलमा अवतरण गरेको एनएसीका प्रवक्ता रमेश पौडेलले जानकारी दिए । काठमाडौंबाट गत शनिबार दमाममा अवतरणलगत्तै प्राविधिक समस्या देखिएपछि जहाज ग्राउण्डेड भएको थियो । दुई दिन लगाएर मर्मतपछि जहाज यात्रुसहित फर्किएको हो ।

'दमामबाट आएको जहाजले आज साँझ क्वालालाम्पुर उडान गर्ने योजना छ,' पौडेलले भने ।




एनएसीको सि-चेकका लागि माघ २० गते चीन पठाइएको ९ एन-एकेडब्लू कलसाइनको जहाज मंगलबार राति फर्किंदैछ ।

# बैंकिङ प्रणालीबाट उठाएको डेढ खर्ब रुपैयाँ परि पक्व नहुँदै फेरि २५ अर्ब उठाउँदै राष्ट्र बैंक



**काठमाडौं–** नेपाल राष्ट्र बैंकले बजारबाट यसअघि उठाएको डेढ खर्ब रुपैयाँ परिपक्व हुन बाँकी रहेको अवस्थामा थप २५ अर्ब रुपैयाँ खिच्ने भएको छ ।

बैंकहरुले ऋण लगानी बढाउन नसकेपछि राष्ट्र बैंकले तरलता व्यवस्थापनका लागि बैंकिङ प्रणालीबाट थप २५ अर्ब रुपैयाँ तान्न लागेको हो ।

बोलकबोल उपकरणमार्फत २२ दिनका लागि पैसा तान्न लागेको राष्ट्र बैंकले जनाएको छ । राष्ट्र बैंकले तरलता फालाफाल भएका बैंक तथा वित्तीय संस्थासँग प्रस्ताव मागेको छ । राष्ट्र बैंकले यसअघि खिचेको १ खर्ब ४९ अर्ब ७५ करोड रुपैयाँ परिपक्व हुन बाँकी छ ।

# मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामा गरिएका व्यवस्था कार्यान्वयन गर्न राष्ट्र बैंकको सर्कुलर

**काठमाडौं ।** नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमा अर्धवार्षिक समीक्षामार्फत गरिएका व्यवस्था कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई सर्कुलर जारी गरेको छ ।

राष्ट्र बैंकले सोमबार सर्कुलर जारी गर्दै मौद्रिक नीतिमा समीक्षामार्फत गरिएका व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिएको हो ।

राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई असल ऋणको नोक्सानी व्यवस्था (प्रोभिजनिङ) १ प्रतिशत कायम गर्न भनेको छ । यसअघि १.१० प्रतिशतको व्यवस्था थियो । नयाँ व्यवस्थाले बैंकहरुको मुनाफा करिब ५ अर्ब रुपैयाँ बढ्ने अनुमान छ ।

लघुवित्त संस्थाहरुलाई समेत असर ऋणको कर्जा नोक्सानी व्यवस्था १ प्रतिशत गर्न भनिएको छ ।

राष्ट्र बैंकले व्यक्तिगत सवारीसाधन र सबै प्रकारका विद्युतीय सवारीसाधनको ऋण मल्य अनुपातको सीमा



६० प्रतिशत कायम गर्न निर्देशन दिएको छ । यसअघि पेट्रोल सवारीको लोन टू भ्यालु रेसियो ५० र विद्तीय सवारीसाधनको ८० प्रतिशत थियो ।

राष्ट्र बैंकले फागुन १३ गते मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गरेको थियो ।

# विदेशी मुद्रा सञ्चितिको सीमा वृद्धि बैंकहरुलाई बहार

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले विदेशी विनिमय सञ्चिति होल्डिङको सीमा बढाएसँगै वाणिज्य बैंकहरुलाई व्यवसाय विस्तार गर्ने बाटो खुलेको छ । सीमा वृद्धिका कारण वाणिज्य बैंकहरुलाई थप करिब ३० अर्ब रुपैयाँ लगानीको स्पेस बनेको छ ।

राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत डेलिभरेबल फरवार्डको हकमा प्राथमिक पुंजीको विद्यमान १५ प्रतिशतको सीमालाई बढाएर २० प्रतिशत पुऱ्याएको छ ।




यस्तो सीमा ५ प्रतिशत बढेसँगै बैंकहरुले प्राथमिक पुँजीको २० प्रतिशत विदेशी विनिमय सञ्चिति बराबरको रकम विदेशमा गर्न पाउने छन् । बैंकहरुलाई यसअघि प्राथमिक पुँजीकोषको १५ प्रतिशत विदेशी मुद्रा विदेशमा लगानी गर्ने सुविधा थियो ।

वाणिज्य बैंकहरुको प्राथमिक पुँजीकोष हाल ५ खर्ब ७१ अर्ब रुपैयाँ छ । यसको २० प्रतिशत भनेको १ खर्ब १४ अर्ब २७ करोड रुपैयाँ हुन्छ । १५ प्रतिशतको सीमा अनुसार यसअघि ८५ अर्ब रुपैयाँ लगानी गर्न सक्ने व्यवस्था रहेकामा बैंकहरुले अब थप २९ अर्ब २७ करोड रुपैयाँ लगानी गर्न पाउने भएका हुन् ।

राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक देवकुमार ढकालले ऋणको माग नभएर देशभित्र लगानी विस्तार गर्न नसकिरहेका बैंकहरुलाई विदेशी विनिमय सञ्चितिको लगानी सीमा वृद्धि राहत भएको बताए ।

'बैंकहरुले लगानी बढाउन नसकेर अहिले राष्ट्र बैंकमा पैसा पार्क गरिरहेका छन,' उनले भने, 'तरलता अधिक भएर ३ प्रतिशत ब्याजदरमा राष्ट्र बैंकमा पैसा राख्नुपरिरहेका बेला मौद्रिक नीतिमा गरिएको नयाँ व्यवस्थाले बैंकहरुले थप रकम विदेशमा लगानी गर्न पाउँछन् । यसले उनीहरुलाई आम्दानी बढाउन सहयोग पुग्छ ।'

वाणिज्य बैंकहरुले विदेशका बैंकको निक्षेपमा र बन्डमा लगानी गर्ने गरेका छन् । त्यसमा थप लगानी गर्न पाउने व्यवस्थाले राष्ट्र बैंकले दिन बिराएर तरलता खिच्नुपर्ने स्थितिमा केही कमी आउने ढकालको बुझाइ छ ।

बैंक तथा वित्तीय संस्थाहरुको करिब साढे २ खर्ब रुपैयाँ अहिले राष्ट्र बैंकमा छ । राष्ट्र बैंकले तरलता खिच्दा बैंकहरुलाई ३ प्रतिशतभन्दा ब्याज दिंदैन ।

तर, बैंकहरुले विदेशमा लगानी गर्दा ५ प्रतिशतसम्म ब्याज पाउँछन् । त्यही कारण बैंकहरुले सीमा बढाउनका लागि केही वर्षदेखि नै लबिइङ गर्दै आएका थिए ।

अझ पछिल्लो दुई वर्षयता आर्थिक गतिविधिमा सुस्तताले ऋणको खासै माग नभएपछि बैंकहरुले त्यस्तो सीमा ३० प्रतिशतसम्म पुऱ्याउन लबिइङ गरिरहेका थिए ।

एक बैंकका प्रमुख कार्यकारी अधिकृत (सीइओ)ले ऋणको माग बढ्न नसकेर राष्ट्र बैंकमा पैसा थुपार्नु परिरहेको अवस्थामा मौद्रिक नीतिमार्फत माग केहीरुपमा सम्बोधन भएको बताए ।

'बैंकहरुमा अधिक तरलता छ । कर्जाको माग बढ्न सकेको छैन । त्यसैले हामी ३ प्रतिशत ब्याजदरमा राष्ट्र बैंकमा पैसा राख्न बाध्य छौं । यस्तो बेला राष्ट्र बैंकले केहीरुपमा भएपनि माग सम्बोधन गरेको छ,' ती सीइओले बिजमाण्डूसँग भने, 'हामीले सीमा बढाएर ३० प्रतिशत पुऱ्याउन भनेका थियौं । राष्ट्र बैंकले २० प्रतिशत पुऱ्याइदियो । यसबाट हामीलाई आम्दानी बढाउन केही सहज हुन्छ । हाम्रो हिसाबमा थप करिब ३० अर्ब रुपैयाँ विदेशमा लगानीको बाटो खुलेको छ । यो भनेको हामीलाई ब्यालेन्स सिट सुधारको अवसर हो ।'

बैंकहरुमा अहिले ६ खर्ब रुपैयाँभन्दा बढी तरलता छ । नेपाल बैंकर्स संघका कार्यकारी अधिकृत अनिल शर्माले विदेशी मुद्रा होल्डिङको क्याप बढाउँदा तरलता व्यवस्थापन र बैंकहरुलाई आम्दानी बढाउन सहयोग पुग्ने बताए ।

'विदेशी विनिमय सञ्चिति राष्ट्र बैंकमा थपिंदै गइरहेका बेला नयाँ व्यवस्थाले बजारमा तरलता कम गर्न केही सहयोग पुग्ने देखिन्छ,' उनले भने, 'विदेशी मुद्राको होल्डिङको सीमा बढाउँदा बैंकले त्यो रकम बाहिर लगानी गरी आम्दानी बढाउन सक्छन् ।'

बैंकमा हाल २३ खर्ब १६ अर्ब ८४ करोड रुपैयाँ बराबरको विदेशी विनिमय सञ्चिति छ । त्यसमध्ये २० खर्ब ८२ अर्ब रुपैयाँ बराबरको विदेशी मुद्रा राष्ट्र बैंक र बाँकी २ खर्ब ४४ अर्ब रुपैयाँ बराबरको विदेशी विनिमय वाणिज्य बैंकहरुमा छ ।

## खेलकुद

# राष्ट्रिय करातेमा पुलिसले थप्यो ६ स्वर्ण



**काठमाडौं–** चौथो कृष्णप्रसाद भट्टराई स्मृति राष्ट्रिय कराते प्रतियोगितामा शनिबार कुमुतेतर्फ पुलिसले ६ स्वर्ण र एपीएफले १ स्वर्ण जितेका छन् ।

१२ वटा स्वर्णको छिनोफानो हुँदा पुलिसले १०, आर्मी र एपीएफले १-१ स्वर्ण जितेका छन् ।

सातदोबाटोस्थित कराते एकेडेमीमा शनिबार ७५ केजी तौल समूहमा १३ औं दक्षिण एसियाली खेलकुदका कांस्य विजेता पुलिसका राजीव पुडासैनीले स्वर्ण जिते । उनले सुदूरपश्चिमका योगेशसिंह बिष्टलाई हराए । आर्मीका शिबु ओड र रुरेहाङ डुमी राईले कांस्य जिते ।

६७ केजीमुनि तौल समूहमा पुलिसका सन्तोष श्रेष्ठले एकपक्षीय फाइनलमा गण्डकीका सक्षम लामालाई ९-० अंकले हराएर स्वर्ण जिते । सुदूरपश्चिमका खड्ग थामीमगर र कोशी प्रदेशका मनीष बिक तेस्रो भए । पुलिसका साजन मोक्तानले ५० केजीमा स्वर्ण जिते । उनले फाइनलमा बागमतीका लेखराज घिमिरेलाई फाइनलमा ७-५ अंकले हराए । गण्डकीका बोमिन गुरुङ र मधेश प्रदेशका सोहन मगरले तेस्रो स्थानमा चित बुझाए ।

८४ केजी पुरुषतर्फ एपीएफका मोहम्मद शेखु आलमले स्वर्ण जिते । उनले फाइनलमा कोशीका धन राईलाई ९-२ ले हराए । उनी एसियाली खेलकुदमा खेलेका खेलाडी हुन् । आर्मीका सुरेश जप्रेल र बागमती प्रदेशका सलमान मोहम्मदले कांस्य जिते ।

महिला ५५ केजीमा पुलिसकी पुष्पकला लामाले स्वर्ण जित्ने क्रममा कर्णाली प्रदेशकी प्रियंका शाहीलाई ५-० ले हराइन् । गण्डकीकी प्रभा राई र सुदूरपश्चिमकी गरिमा मल्ल तेस्रो भए । ४५ केजीमा पनि पुलिसकी वर्षा बुढा मगर पहिलो विजेता भइन् । उनले लुम्बिनीकी पूजा राईलाई ११-३ ले हराइन् । गण्डकीकी सबुना राना मगर र आर्मीकी ममता महर्जन तेस्रो भए ।

६१ केजीमा प्रहरीकी निरुपा दोङ तामाङलेस्वर्ण जितिन् । उनले फाइनलमा सुदूरपश्चिमकी सोनिया तिरुवालाई ९-१ ले हराइन् । एपीएफकी रमिता माझी र कोशीकी धनकुमारी मगरले कांस्य हात पारे ।

आइतबार ५ स्पर्धामा फाइनल हुनेछ । प्रतियोगिताका स्वर्ण, रजत र कांस्य जित्ने खेलाडीले सिधै राष्ट्रिय कराते टोलीको छनोट खेल्न पाउनेछन् ।

# हिटी क्लब चाँगेलाई उपाधि

**ताप्लेजुङ–** महाशिवरात्री पर्वमा हरेक वर्ष सञ्चालन हुने 'रघुनाथ-छत्रमाया (रछ) मेमोरियल आमन्त्रित पुरुष फुटबल प्रतियोगिताको उपाधि माछापोखरी हिटी क्बल चाँगेले जितेको छ । हिटी क्लबले लगातार तेस्रोपटक उपाधि जितेको हो ।



लगातार तेस्रो वर्षको जितसँगै चाँगेले २ तोला सुन र २ सय ५० तोला चाँदीजडित शिल्ड पचाएको छ । आयोजक जलजले क्लबका अध्यक्ष रुपनारायण घिमिरेका अनुसार चाँगेले अब आयोजकलाई शिल्ड फिर्ता गर्नु पर्ने छैन । आयोजकले छुट्टै व्यवस्था गर्नुपर्ने छ ।

शनिबार सम्पन्न फाइनलमा ताप्लेजुङको चाँगेले म्याङलुङ स्पोटिङ क्लब तेह्रथुमलाई २-१ गोलले पराजित गरेको हो । उसका लागि कुञ्जमान थापा र पुजन चौधरीले गोल गरे । उपविजेता म्याङ्लुङका विशाल काफ्लेले सान्त्वना गोल फर्काए । चाँगेले नगद २ लाख ६१ हजार पनि प्राप्त गरेको छ ।

यो पुरस्कारको प्रायोजन ताप्लेजुङ-साँघु समाज हङकङले गरेको हो । सुन र चाँदी जडित शिल्ड भनें विष्णुमाया, मनमाया, शुक्रराज, पहलमान, मन कुमारी, देवी माया, शान्ति माया र सिर्जना फागो चोङवाङले सौजन्य गरेका हुन् । उपविजेता तेह्रथुमले १ लाख ३१ हजार प्राप्त गर्‍यो । दोश्रो पुरस्कारको प्रायोजन प्रतिनिधिसभा सदस्य योगेश भट्टराई र साँघु समाज दक्षिण कोरियाले गरेका हुन् ।

भट्टराईले १ लाख र साँघु समाज दक्षिण कोरियाले ३१ हजार प्रदान गरे । सर्वाधिक गोलकर्ता चाँगेका कुन्जमान थापाले प्रतियोगिता अवधिभर ४ गोल गरे । थापा सहित म्याङलुङका प्रेम लिम्बु वेस्ट गोलकिपर, चाँगेका अशोक खवास सर्वोत्कृष्ट खेलाडी भए र नगद नगद तीन हजारका दरले पुरस्कार प्राप्त गरे ।

फागुन १३ देखि भएको प्रतियोगितामा ८ टिम सहभागी थिए ।

# बागमती सरकारले अघि सार्‍यो २३ बहुवर्षे आयोजना




**काठमाडौं–** संविधानमा तीन तहको सरकारका निश्चित अधिकार र क्षेत्राधिकार तोकिए पनि केन्द्र, प्रदेश र स्थानीय तहबिच कतिपय आयोजना छनोटमा तालमेल र समन्वयको अभाव देखिएको छ ।

बागमती प्रदेश सरकारले आर्थिक तथा नागरिकको सहजताको दृष्टिले महत्त्वपूर्ण देखिएका २३ आयोजनालाई बहुवर्षे घोषणा गरी ठेक्का प्रक्रियामा अघि बढाएको छ । प्रदेश नीति तथा योजना आयोगमार्फत् १३ वटै जिल्लामा त्यस्ता आयोजना अघि बढाइएको हो ।

ठेक्का लाग्ने तर बहुवर्षेमा नपर्दा कतिपय आयोजना समयमै सम्पन्न नहुने समस्या देखिँदै आएको थियो । सोही समस्या हल गर्न आयोगले १६ करोड रुपैयाँभन्दा माथिको आयोजनालाई बहुवर्षे ठेक्का लाग्ने र बढीमा ३ आर्थिक वर्षमा सम्पन्न गर्नेगरी स्रोत सुनिश्चिततासहित कार्यक्रम अगाडि बढाएको हो ।

आयोगले चालु आर्थिक वर्ष २३ वटा दीर्घकालीन महत्त्वका सडक, पूर्वाधार, पर्यटन लगायतका आयोजना छनोट गरेको छ । श्रम, रोजगार तथा यातायात मन्त्रालय, आन्तरिक मामिला मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय अन्तर्गत विभिन्न योजना छनोट गरी बहुवर्षे आयोजनाको रुपमा स्रोत सुनिश्चितता गरेर अघि बढाइएको आयोगका उपाध्यक्ष गंगादत्त नेपालले जानकारी दिए ।

विभिन्न मन्त्रालयबाट प्राप्त आयोजनाको बारेमा वार्षिक कार्यक्रम छनोट कार्यविधि २०७८ अनुसार बहुवर्षे आयोजना छनोट गरिएको उनको भनाइ छ ।

कार्यविधि अनुसार आयोजनाको मूल्याङ्कन गरी प्राथमिकीकरण गरेर विभिन्न ५ आधार र सोही आधारमा अंक निर्धारण गरी ७५ प्राप्ताङ्कमा ५६ भन्दा बढी अंक ल्याउने आयोजनालाई पी वान ९पहिलो प्राथमिकता० दिएर आयोजना छनोट गरिएको उपाध्यक्ष नेपालले बताए ।

उनका अनुसार मन्त्रालयको प्राथमिकीकरणको प्राप्तांकमा १० अंक, प्रारम्भिक मूल्यांकनको प्राप्तांकमा ३० अंक, नीतिगत सामञ्जस्यताको प्राप्तांकमा २१ अंक, मानव विकास सूचाकांक अनुसारको प्राप्तांकमा ६ अंक तथा संवैधानिक प्राथमिकताको प्राप्तांकमा ८ अंक गरी कूल प्राप्तांक ७५ कायम गरिएको छ ।

प्राथमिकीकरण अन्तर्गत ५६ भन्दा कम अंक आउने आयोजना पी २ निर्धारण हुने र बहुवर्षे ठेक्का लगाउन नसकिने नेपालले बताए । पहुँच र नेताको सिफारिसमा आयोजना छनोट गर्ने प्रवृत्ति अन्त्य गर्दै औचित्य र आवश्यकताको ५ आधारमा तयार गरी २३ वटा आयोजना छनोट गरिएको उनको भनाइ छ ।

छनोट भएका आयोजनामा १६ करोड रुपैयाँदेखि ३० करोड रुपैयाँसम्मको रकम सुनिश्चित गरी ४ अर्ब १६ करोडभन्दा बढी रकम विनियोजन गरिएको उनले बताए । ती आयोजना समयमै सन्पन्न गर्नेगरी प्रक्रिया अघि बढाउन सरकारलाई निर्देशन गरिएको र आयोग मार्फत् मोनिटरिङको विधि तयार गरिएको उनले प्रस्ट पारे ।

'प्रदेश सरकारले केही गरेन, काम छैन भन्ने आवाज समेत सुनिँदै आएको छ । संघीय सरकार र स्थानीय सरकारको बिचमा रहेर प्रदेश सरकारले समन्वय गर्ने र मझौला आयोजना सम्पन्न गर्ने गरी अगाडि बढाउने काम गरिरहेको छ,' नेपालले भने ।

समन्वयात्मक भूमिकामा प्रदेश सरकारको सान्दर्भिकता निकै रहेको भन्दै उनले संघीयताको मर्म र संविधानले अंगीकार गरेको भावनालाई आत्मसात् गरेर अघि बढेमात्रै देशमा केही हुँदैछ भन्ने आशा नागरिकमा जगाउन सकिने प्रस्ट पारे ।

सडक पूर्वाधार प्राथमिकतामा बागमती प्रदेश सरकारले बहुवर्षे आयोजनामा सडक पूर्वाधारको कामलाई प्राथमिकता दिएको छ ।

नागरिकको भावना र मन्त्रालयको प्राथमिकता पनि सडक पूर्वाधार भएकाले चालु आर्थिक वर्षमा मात्रै भौतिक मन्त्रालय अन्तर्गत २० वटा आयोजनाको प्राथमिकीकरण गरी अगाडि बढाइएको उपाध्यक्ष नेपालले बताए ।

उपाध्यक्ष नेपालका अनुसार प्रदेश सरकारलाई कार्य सम्पादनमा सघाउन आयोगको भूमिका महत्त्वपूर्ण रहन्छ । बागमती प्रदेश सरकार स्थापनासँगै प्रदेश नीति तथा योजना आयोग गठन भइ काम गरिरहेको पनि प्रभावकारिताको सवाल भने उठिरहेको उनको भनाइ छ ।

प्रदेश सरकारको आवश्यकता र औचित्यका विषयमा जनस्तरमै बहस गर्ने गरी आयोगको भूमिका रहने उनले बताए ।

प्रदेशको समृद्धि र विकासमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्न आयोगलाई बलियो र सक्रिय बनाउनुको विकल्प नरहेको उनको भनाइ छ ।

केन्द्रीय राजनीतिको असर प्रदेशमा पर्ने र राजनीतिक अस्थिरता तथा प्रदेश सरकारको प्राथमिकतामा आयोग नपर्दा केही कमजोरजस्तो देखिएको उपाध्यक्ष नेपाल बताउँछन् ।

उनले भने, 'हाम्रो जस्तो भूगोल, जनसंख्या र आर्थिक संरचना भएको देशमा सबैभन्दा काम गर्नुपर्ने र बनाउनुपर्ने योजना नै प्रदेश आयोगको हो । करोडभन्दा माथि र खर्बभन्दा मुनिका दुई-तीन वर्षमा सम्पन्न हुने आयोजना प्रदेशले सञ्चालन गर्ने हो ।'

तत्काल नागरिकको जीवनस्तर परिवर्तन गर्नसक्ने आयोजना तथा कार्यक्रम तयार गर्न आयोगले प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिरहेको उनको भनाइ छ ।

# सप्तरीमा गोदाम घरमा प्रहरीको छापा, २४ क्विन्टल गाँजा बरामद



**सप्तरी–** सप्तरी प्रहरीले राजविराज नगरपालिका-९ मलेठबाट ठूलो मात्रामा लागूऔषध गाँजा र अन्य अवैध सामान बरामद गरेको छ ।

सोमबार प्रहरीले २४ क्विन्टल १९.५ किलोग्राम लागूऔषध गाँजा, १४२ कार्टुन स्याउ तथा हार्डवेयर सामग्री बरामद गरेको हो ।

मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी शान्तिराज कोइरालाका अनुसार गोप्य सूचनाका आधारमा सप्तरीका प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक, तथा सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी उपरीक्षकको नेतृत्वमा विशेष टोली परिचालन गरी छापा मारेको थियो ।

गोदाम घरको बाहिरी गेटमा ताल्चा लगाएको अवस्थामा गोदामको कम्पाउन्डभित्र दुई ट्रकमा पल्टी गरिएका १४२ कार्टुन स्याउ समेत बरामद भएको छ । त्यस्तै, घटनास्थलबाट बीआर शून्य जेबी ९७३५ नम्बरको सेतो स्कारपियो, डब्लु बी ७४ एम १५५८ नम्बरको मारुती कार खाली अवस्थामा फेला परेको छ ।

गोदाम घरको स्वामित्वबारे स्पष्ट जानकारी नभए पनि प्रहरीले सम्बन्धित व्यक्तिहरूको खोजी तथा थप अनुसन्धान कार्य जारी राखेको जनाएको छ ।

# जब विद्यार्थीहरू स्कुलमा बेहोस भएर ढल्न थाले

**काठमडौं–** पर्साको कालीकामाई गाउँपालिको वडा नम्बर -४ मा रहेको नेपाल राष्ट्रिय माध्यामिक विद्यालयमा बिहान १०:१० बजे प्रार्थना सुरुभए लगत्तै कक्षा ६ कि एक छात्रा बेहोस् भइन् । उनलाई तत्कालै विद्यालयको अफिमा पुर्‍याएर प्राथमिक उपचार गरियो ।



'चक्कर अएको जस्तो भएर ढलेकी थिइन् । विद्यालय नजिकै अस्पताल थियो । डाक्टर बोलाएर उपचार गर्‍यौं,' विद्यालयका प्रधानाध्यापक इन्द्रदेव प्रसाद कुर्मीले भने । ती छात्राको उपचार चलिरहेको थियो कक्षा १० को अर्को छात्रा पनि ढलिन् । विद्यालयले उनलाई पनि अफिसमा ल्याएर उपचार सुरु गर्‍यो । फेरि केहीबेरमा कक्षा ७ को अको छात्रा पनि बेहोस् भइन् । क्रमशः कक्षा, ८ र ६ का विद्यार्थी पनि एकपछि अर्कोगरी बेहोस् हुन थाले । यसरी नै १४ जना विद्यार्थी ढले ।

'१३ जनाको उपचारपछि निको भयो तर कक्षा ९ का १ विद्यार्थी भने गम्भीर भएपछि एम्बुलेन्स बोलाएर मेडिकल कलेज वीरगञ्जमा पुर्‍यायौं । अहिले उपचार भइरहेको छ,' प्रधानाध्यापक कुर्मीले भने ।

एकपछि अर्कोगरी विद्यार्थी ढलेपछि विद्यालयमा तनावको स्थिति बन्यो । 'आजको कक्षा बन्द गरेर विद्यार्थीलाई घरमा पठायौं,' प्रधानाध्यापक कुर्मीले भने । घरमा पुगेपछि पनि ४ जना विद्यार्थी बेहोस् भएको जानकारी प्रधानाध्यापक कुर्मीलाई आयो । के कारणले विद्यार्थी यसरी ढले भन्नेमा पहिचान नभएको उनले बताए ।

'मेडिकल रिपोर्ट आएको छैन । के कारण हो पहिचान भएको छैन । एक जना ढलेको देखेर अरू पनि ढलेको हुन सक्छ,' प्रधानाध्यापक कुर्मीले भने ।

घरमा गएका विद्यार्थी पनि बेहोस् भएर ढलेपछि दुई दिनका लागि विद्यालय नै बन्द गरिएको छ । 'भोलि र पर्सिका लागि बिदा दिएका छौं । सबै राम्रो भयो भने बिहीबारदेखि कक्षा सञ्चालन गर्छौं,' प्रधानाध्यापक कुर्मीले भने ।

जन आकाश — Jana Aakash National Weekly — राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २८, २०८१ साल फागुन् २० गते मंगलबार (MAR 4, 2025)

# कर्णाली सरकारले ल्यायो "घर बीमा" कार्यक्रम



**काठमाडौं–** विपदबाट घर क्षति भएकालाई राहत दिन कर्णाली प्रदेश सरकारले 'घर बीमा' कार्यक्रम लागु गर्ने भएको छ। प्रदेशमा विपद्जन्य घटनामा नागरिकका आवास क्षति भएर घरबारविहीन हुने अवस्था आएपछि प्रदेश सरकारले उक्त कार्यक्रम सुरु गरेको सरकारका प्रवक्ता विनोदकुमार शाहले बताए

कर्णाली प्रदेश विपदको उच्च जोखिययुक्त क्षेत्र हो । गत वर्षमात्र जाजरकोटमा आएको भूकम्पका कारण हजारौँ घर क्षतिग्रस्त भए । यद्यपि पुनर्निर्माणमा ढिलाइ भइरहेका बेला प्रदेश सरकारले २० लाख रुपैयाँसम्मको आवासीय घरको बीमा गर्न यो कार्यक्रम लागु गरेको हो ।

घर बीमा कार्यक्रम लागु गर्न मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले घर बीमा कार्यविधि ०८१ स्वीकृत गरेको छ ।

कर्णाली प्रदेशभित्र स्थायी बसोबास भएका नागरिकहरूको निजी आवासीय घरको प्राकृतिक विपद् लगायतका कारणबाट हुने क्षति र नोक्सानीको आर्थिक सुरक्षाको प्रत्याभूति गर्ने उद्देश्यसहित उक्त कार्यक्रम ल्याइएको कानुनमन्त्री समेत रहेका मुख्यमन्त्री यामलाल कँडेलले बताए ।

कार्यविधिमा घर बीमालेख सम्बन्धी व्यवस्था गरिएको छ । जसमा घर बीमा सम्बन्धी व्यवस्था गर्न नेपाल बीमा प्राधिकरणबाट जारी सम्पत्ति बीमा निर्देशन अनुसार हुने उल्लेख छ । स्थानीय तहले खटाएका प्राविधिक जनशक्तिबाट निजी आवासीय घरको मूल्याङ्कन गराई बीमायोग्य घरको वर्तमान मूल्य हुने गरी बीमाङ्क कायम गर्नुपर्ने उल्लेख छ ।

बीमा गरिने घरको विवरण सम्बन्धित स्थानीय तहले प्रदेश सरकारले कार्यविधिमा बनाएको ढाँचा अनुसार सिफारिस गर्नुपर्ने छ । 'स्थानीय तहमा पहिल्यै काम गरिरहेका बीमा कम्पनी बाहेक नयाँ छनोट भएका स्थानीय तहमा बीमा प्राधिकरणले तोकेका बीमा कम्पनीबाट बीमा गरिनेछ,' कार्यविधिमा भनिएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका अनुसार ९ प्रकारका विपद्बाट क्षतिग्रस्त घरहरू बीमामा समेटिने छन् ।

भूकम्प, आगलागी, बाढी तथा डुबान, जमिन धसिने वा भासिने कारण, हावाहुरीका कारण क्षतिग्रस्त, चट्याङका कारण क्षतिग्रस्त, असिनापानीका कारण क्षतिग्रस्त घरहरूलाई बीमा लेखमा समेटिने छ ।

यस्तै हवाई दुर्घटना तथा अन्य प्राकृतिक विपद्का कारण क्षतिग्रस्त घर पनि बीमामा समेटिने मन्त्रालयले जनाएको छ ।

बीमा शुल्क भुक्तानीकार्यविधि अनुसार एकाघर परिवारको एक घरको बीमा शुल्क प्रदेश सरकारले भुक्तानी गर्नेछ । 'प्रदेश सरकारले प्रतिघर अधिकतम २० लाख बीमाङ्क बराबरको जोखिम मूल्याङ्कनको हुन आउने बीमा शुल्क बापतको रकममात्र भुक्तानी गर्ने छ ।

कार्यविधिमा भनिएको छ, '२० लाखभन्दा बढी मूल्यको घर वा एकाघर परिवारको एकभन्दा बढी संख्याको घरको बीमा गराउनु पर्ने अवस्था आएको खण्डमा स्वयं घरधनीले सम्बन्धित बीमकहरूलाई अतिरिक्त बीमा शुल्क बापतको रकम उपलब्ध गराउनु पर्नेछ ।'

यदि सबै प्रक्रिया पूरा भएको खण्डमा प्रदेश सरकारले १५ दिनभित्रै बीमा रकम भुक्तानी दिनेछ । त्यसका लागि स्थानीय तहको सिफारिस र बीमकले उपलब्ध गराएको डेबिट नोट अनिवार्य चाहिने छ । सोही आधारमा मन्त्रालयले यकिन गरी १५ दिनभित्रै बीमा शुल्क रकम बीमकलाई भुक्तानी दिने कार्यविधिमा उल्लेख छ ।

## अन्तराष्ट्रिय

# अस्पताल भर्ना भएका पोपको अवस्था स्थिर : भ्याटिकन



**रोम–** पोप फ्रान्सिसको स्वास्थ्य अवस्था स्थिर रहेको जानकारी भ्याटिकनले दिएको छ । अर्जेन्टिनामा जन्मिएका क्याथोलिक चर्चका प्रमुख पोपलाई 'ब्रोन्काइटिस' का कारण फेब्रुअरी १४ मा रोमको जेमेली अस्पतालमा भर्ना गरिएको थियो ।

उपचारका क्रममा उनलाई निमोनियासमेत देखिएको थियो । फोक्सोमा गम्भीर प्रकारको संक्रमण देखिएपछि उनलाई श्वासप्रश्वासका लागि अक्सिजनको सहायता आवश्यक परिरहेको छ ।

शनिबारदेखि उनको अवस्था 'स्थिर' रहेको भ्याटिकनले बताएको छ । 'पोपले रातभर आराम गर्नुभयो,' क्याथोलिक चर्च र भ्याटिकन सिटीको प्रशासनिक निकाय (होली सी) ले सोमबार बिहान जारी गरेको संक्षिप्त अपडेटमा भनिएको छ । विश्वका करिब १ अर्ब ४० करोड क्याथोलिक धर्मावलम्बीका नेतालाई शुक्रबार र शनिबार 'नन इन्भेसिभ मेकानिकल भेन्टिलेसन' अर्थात् भेन्टिलेसन मास्कको आवश्यकता परेको र अझै पनि धेरै मात्रामा अक्सिजन लिइरहेको भ्याटिकनले आइतबार जनाएको थियो ।

फ्रान्सिसले आइतबार भ्याटिकनका विदेशमन्त्री इटालियन कार्डिनल पिएत्रो पारोलिन र भेनेजुएलाका आर्कबिसप एडगर पेना पारासँग सामान्य कुराकानी गरेका थिए ।

२०१३ मार्चदेखि पोप रहेका 'जेसुइट' को जेमेलीको १० औं तल्लामा पोपका लागि छुट्याइएको विशेष 'सुइट' मा उपचार भइरहेको छ । जर्ज बर्गोग्लियोमा जन्मेका फ्रान्सिसले लगातार तेस्रो आइतबार एन्जेलसको परम्परागत प्रार्थनामा सहभागी हुन सकेनन् तर प्रार्थनामा पोपद्वारा लिखित सन्देश पढेर सुनाइएको थियो । *एजेन्सी*

# जेलेन्स्की भन्छन्- रूसले शान्ति चाहेको छैन



**किभ–** युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले रुसले युक्रेनविरुद्ध हवाई आतंक जारी राखेको आरोप लगाएका छन् । युक्रेनले शान्ति चाहेको तर रुस युद्ध जारी गर्ने पक्षमा रहेको जेलेन्स्कीको भनाइ छ ।

'युक्रेन एक सामान्य र सुरक्षित जीवनका लागि लडिरहेको छ,' जेलेन्स्कीले सामाजिक सञ्जालमा लेखेका छन्, 'हामी यो युद्ध समाप्त होस् भन्ने चाहन्छौं । तर रुसले हवाई आतंक जारी राखेको छ ।' रुसले शान्ति नचाहेको र युक्रेनमाथि आक्रमण जारी राखेको जेलेन्स्कीको भनाइ छ ।

'यदि तपाईं वार्ता गर्न चाहनुहुन्छ भने, बलिस्टिक क्षेप्यास्त्रले मानिसहरूलाई लक्षित नगर्नुहोस् । युक्रेनमाथि रुसी आक्रमण रोक्न हामीले संसारलाई अझ एकजुट र बलियो बनाउन आवश्यक छ,' जेलेन्स्कीले भनेका छन् ।

रुसले गत साता युक्रेनमा १ हजार ५० भन्दा बढी आक्रमण ड्रोन आक्रमण गरेको थियो । उक्त अवधिमा १ हजार ३ सय बम र २० भन्दा बढी क्षेप्यास्त्रहरू प्रहार गरेको जेलेन्स्कीको दाबी छ ।

जलेन्स्कीका अनुसार पछिल्लो २४ घण्टामा रुसले गरेका आक्रमणमा दक्षिणी खेर्सनमा ५ जनाको ज्यान गएको र १३ जना घाइते भएका छन् । त्यस्तै, दोनेत्स्क क्षेत्रमा गरिएको आक्रमणमा २ जनाको ज्यान गएको उनले बताए । आक्रमणमा ३ जना घाइते भएका र दर्जनौं घरमा क्षति पुगेको उनको भनाइ छ । *एजेन्सी*

# महावीर पुनलाई जसले सुनको गहना सुम्पिइन्

**काठमाडौं–** महावीर पुनले सामाजिक सञ्जालमा पोस्ट गरेको एउटा मर्मस्पशी प्रसंग अहिले भाइरल भएको छ । प्रसंग धरानको हो । र, प्रसंग एक सहृदयी महिलाको । यतिबेला महावीर पुन आफ्नो पुस्तक बेच्दै देश दौडाहमा छन् ।

उनी कहिले पश्चिम त कहिले पूर्वको फन्को लगाइरहेका छन् । पुस्तकको नाम हो, महावीर पुन : सम्झना, सपना र अवीरल यात्रा । उनी यही पुस्तक बोकेर चोक, बजार, गल्लीमा उँभिन्छन् । त्यहाँ मान्छेको भीड लाग्छ । भीड मात्र लाग्दैन, पुस्तक पनि खरिद गर्छन् ।

यो पुस्तक विक्री गर्दै हिँड्नु महावीर पुनको रहर भन्दा बढी बाध्यता हो भन्ने उनीहरूले बुझेका छन् । त्यसैले राष्ट्रिय आविष्कार केन्द्रका लागि थोरै मात्र भएपनि आफ्नो योगदान पुगोस भन्ने हेतुले पुस्तक खरिद गर्न हतारिएका छन् । त्यससँगै उनको सादगी शैली र स्पष्ट बोलीबचनले मान्छेहरू पग्लिएका छन् ।

धरानमा पुस्तक विक्री गर्न पुगेका पुन यस्तै सहृदयीहरूले घेरिएका छन् । उनको पुस्तक धमाधम विक्री भइरहेको छ । यसैबीच एक महिलाले आविष्कार केन्द्रको सहयोगार्थ गहना नै दिएकी छिन् । त्यो पनि नाम नखुलाउने र फोटो सार्वजनिक नगर्ने सर्तमा ।

यसै सन्दर्भमा महावीर पुनले लेखेका छन्, 'आज भेडेटारबाट धरान नझरेर बजारभन्दा अलि बाहिर एउटा टोलमा किताब बेच्न जाँदा एक जना बहिनी दौडदै आएर तल फोटोमा देखाएको सुनको गहना दिइन् । मैले लिन मानिनँ । तर उनले वीरगन्जको कृषि औजार कारखानालाई सहयोग हो दाजु र यो मेरो आफ्नै गहना हो भनेपछि नलिई भएन । मैले उनको घर हेरेँ । टिनले छाएको र इट्टाको गारो भएको सानो घर थियो । उनले फोटो खिच्न मानिनन् र नाम उल्लेख नगर्ने भनिन् ।'

महावीर पुनको यो पोस्ट धेरैले सेयर गरेका छन् र त्यसमा उत्तिकै कमेन्टहरू पनि छन् । एक व्यक्तिले कमेन्ट गर्दै लेखेका छन् 'सुन पनि सुन भन्दा महंगो हुन सक्ने रहेछ, सायद त्याग, समर्पण हुँदा महंगो र मूल्यवान हुने रहेछ ।

यो त बेच्ने भन्दा पनि एउटा सुन्दर फ्रेममा सजाएर राख्ने वा लिलामी गर्ने उपहार भयो सर । यो सुनको मूल्य तौल र बजार भाउ मात्र रहेन त्यो चेलीको देशप्रेम, तपाईंको निस्वार्थ लगनशीलताप्रति श्रद्धा सबै मिसाएर यो सुन आफ्नो तौल भन्दा महँगो भएको छ ।'

महावीर पुन वैज्ञानिक तथा सामाजिक अभियन्ताका रूपमा परिचित छन् । अमेरिकाको नेब्रास्का विश्वविद्यालयबाट विज्ञानमा स्नातकोत्तर गरेका पुन एसियाको नोबेल पुरस्कार भनेर चिनिने 'रोमन म्यागासेसे अवार्ड' विजेता पनि हुन् । नेपालको विज्ञान र अनुसन्धानमा उल्लेखनीय योगदान गरेको भन्दै नेब्रास्काले उनलाई मानार्थ 'डाक्टर' उपाधिसमेत दिएको छ ।

देशलाई विकासको गतितिर अग्रसर गराउनेमा उनको विशेष योगदान छ । पुरानो चप्पल, हाफ कट्टु र प्राय मैलो गञ्जीमा देखिने पुनको साधारण जीवनशैली देखेर धेरै मानिस प्रभावित हुने गर्दछन् ।

आफूले लेखेको पुस्तक 'महावीर पुन सम्झना, सपना र अविरल यात्रा' बेच्न देशको विभिन्न ठाउँमा यात्रा गरिरहेका छन् । आफ्नो जीवनी पुस्तक बेचेर प्राप्त आम्दानीले वीरगन्जस्थित कृषि औजार कारखानालाई पूर्ण क्षमतामा सञ्चालन गर्ने उनको घोषणा छ । यही उद्देश्यले आफ्नै जीवनीमा आधारित 'महावीर पुन' नामक किताब बेच्न धरान पुग्दा उनलाई ती महिलाले सुनको गहना उपहार दिएकी हुन् ।

# हुम्लाको हल्जी गाउँमा अनौठो नियम, खेतबारीको काम गर्न तोकियो समय-सीमा

**हुम्ला–** सुन्दा अचम्म लाग्छ, हुम्ला जिल्लाको एउटा दुर्गम गाउँका बासिन्दाले चाहेर पनि ५ घन्टाभन्दा बढी कुनै काम गर्न पाउँदैनन् । भात-भान्सादेखि खेतीपातीको काममा समेत समय-सीमा तोकिएको छ ।

यो गाउँ हो, नाम्खा गाउँपालिका-६ मा पर्ने हल्जीगाउँ । तिब्बत सीमासँग जोडिएको यो गाउँमा ९० घरधुरी बसोबास गर्छन् । स्थानीयलाई नियममा बाँध्न एक जना स्थानीयको अध्यक्षतामा तीन सदस्यीय कमिटी नै बनाइएको छ । कमिटीका अध्यक्षले स्थानीयवासीलाई काममा खटिन आदेश गर्छन् ।

स्थानीयलाई काम गर्ने समय बिहान ६ बजेदेखि ११ बजेसम्म तोकिएको छ । बिहान ६ बजेभन्दा अगाडि उठेर खेतबारीको कामसमेत गर्न पाइँदैन । समय मिचेर काम गरेमा जरिवाना तिराइन्छ ।

५ घन्टाभित्रै काम सक्नुपर्ने भएकोले बाली भित्र्याउने बेलामा गाउँलेलाई भ्याइनभ्याइ हुन्छ । समय अभावमा उवा, जौ जस्ता बाली लगाउने र भित्र्याउने बेलामा निकै सास्ती हुने स्थानीय बताउँछन् । तोकिएको समयभित्र बाली भित्र्याउने चटारोका कारण बाहिरबाट आएका पाहुनासँग बोल्ने फुर्सद समेत नहुने उनीहरुको गुनासो छ ।

आफ्नै काम गर्न पनि स्थानीयलाई किन यसरी नियममा बाँधियो त ? नाम्खा गाउँपालिका- ६ का वडाध्यक्ष पाल्जोर तामाङ दिनभर काम गरेपछि थकाई लाग्ने भएकोले स्थानीयको स्वास्थ्यको ख्याल गर्दै यस्तो नियम लागू गरिएको बताउँछन् । उनी भन्छन्, 'बिहान ५ घन्टा काम गरेपछि दिउँसो घरमा आरामले बस्न पाउन् भनेर यस्तो नियम लागू गरिएको हो । शरीरले आराम पनि त खोज्न नि ।'

वडाका जनप्रतिनिधिलाई सघाएर नियम लागू गराउन तीन जनाको छुट्टै कमिटी बनाइएको वडाध्यक्ष तामाङले जानकारी दिए । कमिटीमा पाल्जोर तामाङ, मिङमार तामाङ र पासापो तामाङ छन् ।

अन्नबाली भित्र्याउने र खर्क चरिचरणका विषयमा चैत महिनाको अन्तिम वा वैशाख महिनाको पहिलो हप्ता कमिटीको बैठक हुने गरेको वडाध्यक्ष पाल्जोर तामाङले जानकारी दिए ।

घाँस काट्ने, अन्नबाली लगाउने तथा भित्र्याउने समयमा यो कमिटीको भूमिका रहने वडाध्यक्ष तामाङले बताए । 'बिहानै कोही पनि काममा निस्किन पाउँदैन । छिटो खेतबारीमा पुग्नेलाई कार्बाही हुन्छ । बरु ढिला गए केही हुँदैन,' वडाध्यक्ष तामाङले भने ।

नाम्खा गाउँपालिका अध्यक्ष प्रेमबहादुर लामाले यो विषयमा आफूलाई कुनै जानकारी नभएको बताए । 'दिउँसो काम गर्दा उवा, जौ लगायतका बाली घामले झर्छ भनेर हुनसक्छ । तर यस्तो नियम लगाइएको छ भन्ने मैले पहिलो पटक सुनेको हुँ,' उनले भने ।

नाम्खा- ६ का स्थानीय लुन्डुप तामाङले गाउँवासीसँग छलफल गरेर नै लागू गरिएको बताए । स्थानीयवासीकै राजीखुसीमा काम गर्ने समयसीमा तोकिएको अर्का स्थानीय कार्साङ तामाङको भनाइ छ ।

तिल गाउँमा फागुन महिनामा बैठक बस्ने चलन छ भने हल्जी गाउँमा चैतको अन्तिम साता र वैशाखको पहिलो हप्ता बैठक बसेर गाउँका समसामयिक विषयमा छलफल हुने गरेको उनको भनाइ छ ।

तिल गाउँमा ४२ घरधुरीमध्ये अब १८ घरधुरी मात्र गाउँमा बस्छन् । हल्जी गाउँमा ८० घरधुरीमध्ये २ घरधुरी बाहिर छन् । जाँङमा ६३ घरधुरीबाट २ घर मात्रै गाउँमा छन् । अरुले गाउँ छोडिसकेका छन् ।

लिमीकै जाङ र तिल गाउँमा भने यो नियम लागू गरिएको छैन । जाङमा रात-बिहान जतिबेला पनि काम गर्न पाइने स्थानीय सुङडुप तामाङले बताए ।

# रामेछापका सुजन कार्कीका गीत चर्चामा



■ बिनोद नेपाली

**काठमाडौं–** रामेछापका सुजन कार्की संगीत क्षेत्रमा सक्रिय छन् । हालै औपचारिक रूपमा संगीत यात्रा शुरु गरेका कार्की स्कुल बढ्दा ,घाँस दाउरा गर्दा गीत संगीत सुन्ने र गुन्गुनाउने गर्थे । उनले अहिले बजारमा सार्वजनिक गरिसकेकाछन भने संगीत क्षेत्रमा भविष्य खोजिरहेका छन् । विशेषगरी र्‍याप गितमा उनको विशेष रुचि र लगाव छ ।

सुजनले गरेका कुराकानी

“मेरो नाम सुजन कार्की हो । मेरो घर रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका ४, बेतालीमा रहेको छ । मेरो बाल्यकाल बेतालीमै बितेको हो । यहाँको रनबन चहार्दै मैले आफ्नो बाल्यकाल व्यतीत गरेको हुँ ।

मेरो पहिलो रेकर्ड भएको गीत “अधुरो माया” हो । यो गीत २०८० सालको चैत्र महिनामा बजारमा आएको थियो । यस गीतमार्फत मैले संगीत यात्रामा नयाँ कदम राख्न सकेँ । अधुरो मायाु गीतमा मेरो र युवराज कार्कीको शब्द, सङ्गीत र स्वर रहेको छ । अभिनयमा बिना राउत र मैले साथ दिएको छौँ । यस गीतलाई दर्शकहरूले दिएको माया र हौसलाले मलाई उत्साहित बनाएको छ । पहिलो गीतमै पाएको हौसला नै मलाई अगाडि बढ्न प्रेरित गरेको छ ।

मेरो दोस्रो गीत “फुच्ची” हो र अहिले मेरो तेस्रो गीत “किन” बजारमा ल्याइसकेको छु । यस गीतमा जीवनका वास्तविक भोगाइ र समाजका चिजहरूलाई समेट्ने कोसिस गरेको छु । आशा छ, यो गीत पनि दर्शक स्रोताले माया गरिदिनु हुनेछ । पहिलाजस्तै म यसबाट हौसला र प्रेरणा पाउने अपेक्षामा छु ।

साङ्गीतिक यात्रामा वा जीवनमा उतारचढाव आउनु स्वाभाविक हो । मैले यो बुझ्न थालेको छु कि संघर्षलाई छोड्नु हुँदैन, तर धैर्य र निरन्तर प्रयास आवश्यक छ । एक दिन सफलता पक्कै हासिल हुन्छ भन्ने विश्वास म राख्दछु ।

जीवनमा सफलताबारे कुरा गर्दा, असफलता र सफलता सँगै आउँछन् । एक गायकको नाताले म र्‍याप गीत लेख्न र गाउनमा रमाउँछु । राम्रो र्‍याप लेख्न पाउँदा खुशीको अनुभूति हुन्छ । भविष्यमा अझ राम्रा गीतहरू ल्याउने लक्ष्य राख्दछु ।

भर्खरै बजारमा ल्याएको गीत “किन”लाई धेरैले मन पराइरहनु भएको छ । यो गीत माया प्रेममा धोका पाएको युवाको भावनालाई उजागर गर्दछ । यस गीतको म्युजिक भिडियो पनि त्यही भावनालाई समेट्दै तयार गरिएको हो ।

यस गीतको एरेन्ज चर्चित एरेन्जर के(पासले गरेका छन् । दर्शकबाट आएका सकारात्मक प्रतिक्रिया र माया देखेर मलाई खुशी लागेको छ । अब आउने दिनहरूमा पनि मेहनत गर्दै अझ राम्रो गीतहरू ल्याउनेछु । संगीत मेरो लागि जीवनको उर्जा हो ।

# सुरज बुढाथोकीको संगीत र स्वरमा “केटीहरू घमण्डी” गीत सार्वजनिक




**काठमाडौं–** सुरज बुढाथोकी र सारदा रसाइलीको स्वरमा रहेको लोकदोहोरी गीत ‘केटीहरू घमण्डी नेपालको’सार्वजनिक भएको छ ।

बालकुमार श्रेष्ठको शब्द रचना, सुरज बुढाथोकीको संगीत, विष्णु तामाङको एरेञ्ज र कुमारसानु पुनको मिक्सिङ रहेको गीतको भिडियामा सुरेश काफ्लेको निर्देशन एवं

छायांकन रहेको छ भने भिडियोमा सुरज बुढाथोकी, अञ्जना, समिर सुवेदी, एलिना थपलिया, शिवु पाण्डे, सन्ध्या घतानी, कुसल नेपाललगायत कलाकारको अभिनय रहेको छ । सुमन शंकरको मेकअप रहेको भिडियोमा कल्पेश विश्वकर्माको सम्पादन एवं कलर छ । गीतको भिडियो चिलगाडी फिल्मस् युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

स्मरण रहोस सुरेस काफ्ले युट्युब च्यानलबाट एक महिना अगाडि अडियो सार्वजनिक गरीएको थियो ।

# सौरभले “कर्मा”मा विपिनलाई किन लिए एक्सन भूमिकामा ?

अभिनेता विपिन कार्कीको अद्‌भूत खुबी के छ भने उनी जुनै चरित्रमा पनि प्राण भर्न सक्छन् । चरित्रको गहिराइमा पुगेर अभिनय गर्नु उनको खासियत नै हो । यसैले त दर्शकले उनका फिल्म हेर्दा उनलाई भन्दा पनि उनले निभाएको चरित्रलाई सम्झन्छन् । तर, एक दशक लामो करिअरमा उनले ‘हिरोइज्म’ देखिने भूमिका गर्न पाएका थिएनन् । नयाँ फिल्म ‘कर्मा’ले त्यो पनि पूरा गरेको छ ।

नयाँ वर्षको अवसर पारेर आगामी चैत २९ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्ममा विपिन पहिलो पटक पूर्ण एक्सन भूमिकामा प्रस्तुत भएका छन् । दुई साताअघि सार्वजनिक पोस्टरले पनि फिल्ममा उनको भरपूर एक्सन रहेको संकेत गर्छ । एक्सन भूमिकाका लागि सुगठित शरीर बनाएका उनी फिल्ममा फरक गेटअपमा छन् ।

हालै निर्माण टिमले सार्वजनिक गरेको सेट बाहिरको एक तस्वीरमा विपिन हातमा चुरोट लिएर आकर्षक लुक्समा देखिएका छन् । उनको कपाल छोटो छ । कानको माथिल्लो भागबाट रगत बगिरहेको छ । यो तस्वीर




द्वन्द्वको दृश्यपछिको देखिन्छ । छायांकनअघि एक्सनको तालिम र लामो समय जिममा ‘ वर्कआउट’ गरेका उनी सार्वजनिक तस्वीरमा निकै फिट देखिएका छन् ।

‘कर्मा’लाई सौरभ चौधरीले निर्देशन गरेका हुन् । यसअघि उनले ‘अगस्त्य’ निर्देशन गरेका थिए, जुन एक्सनप्रधान थियो । विपिनलाई एक्सन भूमिकामा लिने आँट अरु मेकरले गर्न नसकेको अवस्थामा सौरभले ‘कर्मा’मा उनलाई नै किन रोजे भन्ने कौतुहलता धेरैमा देखिन्छ । उनका अनुसार फिल्मको पात्रमा फिट भएकाले नै विपिनलाई लिइएको हो ।

सौरभ भन्छन्, ‘हामीले विपिनजीलाई कथाअनुसार नै तयार पारेका छौँ । उहाँले पनि कडा मेहनत गर्नुभएको छ, जुन चाँडै टिजरमा देख्न सकिनेछ । उहाँको ‘ट्रान्सफर्मेशन’ले दर्शक सरप्राइज हुनेछन् ।’ कथाले मागेको चरित्र निर्माणमा कलाकारलाई पर्याप्त समय दिएर काम गरिएको उनले बताए । ‘कर्मा’लाई ‘ अगस्त्य’भन्दा उत्कृष्ट बनाउने प्रयास गरेको उनको भनाइ छ ।

फिल्ममा विपिनको जोडी बनेर अभिनेत्री उपासना सिंह ठकुरी प्रस्तुत छिन् । उनीहरुको यो पहिलो सहकार्य हो । यसमा अभिनेता मुकुन भुसाल नकारात्मक भूमिकामा छन् । उनी पहिलो पटक यस किसिमको भूमिकामा देखिन लागेका हुन् । दिव्य देवको पनि अभिनय रहेको फिल्मको कथा सौरभ स्वयंको हो । आर्टिस्टिक इन्टरटेनमेन्ट अन्तर्गत वसन्त लम्सालले फिल्म निर्माण गरेका हुन् ।

# “झ्याइँ”को सफलतापछि नेपाली र बलिउड प्रोजेक्टको तयारीमा मञ्जयाश्री



गायिका तथा मोडल मञ्जयाश्री भट्टको नयाँ गीत ‘झ्याइँ’लाई अभूतपूर्व सफलता मिलेको छ । गत ९ अगस्टमा युट्युबमा सार्वजनिक भएको गीतलाई ८ करोड ४५ लाख बढी भ्यूज प्राप्त भएको छ । रिलिजपछि गीत संसारभर ट्रेन्डिङमा समेत परेको थियो । नेपाली र भारतीय संगीतको फ्युजन रहेको गीत अमेरिकाको न्यूयोर्कस्थित पर्यटकीय गन्तव्य टाइम्स स्क्वायरमा सार्वजनिक गरिएको थियो ।

नेपाली लोकगीत ‘झ्याइँ पाऱ्यो मलाई रत्यौलीको झिल्केले झ्याइँ पाऱ्यो’को मुख्य अंशलाई समेटिएको गीतमा मञ्जयाश्री र हिन्दी गीत ‘बद्री की दुल्हनिया’का गायक देव नेगीको आवाज छ । एटमून इन्टरटेनमेन्टले निर्माण गरेको गीतको भिडियोमा मञ्जयाश्री आफैं प्रस्तुत छिन् । उनको जोडी बनेर अलेक्जेन्डर एलेक्सिलिक देखिएका छन् । यसको कन्सेप्ट तथा कथा मञ्जयाश्रीको हो ।

गीतको साउन्ड इन्जिनियरिङ, मिक्सिङ, र मास्टरिङ सञ्जय लीला भन्साली तथा धर्मा प्रोडक्सनका फिल्महरूमा काम गरिसकेका राहुल शर्माले गरेका हुन् । भिडियोमा कोरियोग्राफी ‘ पठान’, ‘वार’ जस्ता फिल्महरूमा नृत्य निर्देशन गरिसकेका बोस्को सिजरको छ । मुम्बईको भव्य एम्पिरियल प्यालेसमा भिडियो छायांकन गरिएको थियो ।

‘झ्याइँ’ म्यूजिक भिडियोको निर्देशन बलिउडका अनुभवी छायाँकार तथा निर्देशक विनोद प्रधानले गरेका हुन्, जसले ‘देवदास’, ‘रङ्ग दे बसन्ती’, ‘खामोस’, ‘कलंक’, ‘बागी’, ‘भाग मिल्खा भाग’, ‘यमला पगला दिवाना’ जस्ता दुई दर्जन बढी बलिउड फिल्मको छायांकन गरिसकेका छन् । प्रधानले ‘कुसुमे रुमाल’, ‘सम्झना’ लगायतका नेपाली फिल्महरू समेत खिचेका छन् ।

‘झ्याइँ’ गीतको लोभलाग्दो सफलतापछि एटमून इन्टरटेनमेन्ट मञ्जयाश्रीलाई लिएर अर्को नेपाली तथा बलिउडको संयुक्त प्रोजेक्टको तयारीमा जुटेको छ । नयाँ गीतको भिडियोमा भारतका एक चर्चित बलिउड सेलिब्रेटीको प्रस्तुति रहने गायिका भट्टले बताएकी छन् । नेपाली र बलिउड सङ्गीतको फ्युजनलाई अझ नयाँ उचाइमा पुऱ्याउने उद्देश्यले आगामी प्रोजेक्ट निर्माण गरिने उनको भनाइ छ ।

# तीनवटा गीत बााकी राख्दै “हरिबहादुरको जुत्ता” २९ दिनमा प्याकअप

आगामी फूलपातीबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘हरिबहादुरको जुत्ता’को तीनवटा गीतबाहेकको छायांकन पूरा भएको छ । गत माघ २१ गते काभ्रेबाट सुरु भएको छायांकन सोमबार २९ दिनमा सकिएको निर्देशक दीपेन्द्र के. खनालले जानकारी दिए ।

इन्डक्ल्यापमा अभिनेता हरिवंश आचार्यको दृश्य खिचिएको थियो । उनले राम्रो टिम भएकाले सहज रुपमा छायांकन सकिएको बताए । उनका अनुसार गीतहरुको छायांकन बैशाखअघि नै गर्ने तयारी भइरहेको छ । उनी फिल्मका लेखक समेत हुन् । उनका छोरा मोहितबंश आचार्य निर्माताको रुपमा छन् । फिल्मका निर्माता सरोज ओली पनि हुन् ।

एसएम मोसन पिक्चर्सको ब्यानरमा निर्माण भएको फिल्ममा हरिवंशसहित प्रकाश सपूत, स्वस्तिमा खड्का, प्रियंका




कार्की, हरिहर शर्मा, मुरलीधर, राजाराम पौडेल, किरण केसी, रोशनी सापकोटा, दिव्य देव, तारा शर्मा लगायतको अभिनय छ । कृष्ण बहादुर थापाले फिल्मलाई छायांकन गरेका हुन् ।

दुई दशकअघिको ‘मदनबहादुर हरिबहादुर’ सिरियलमा हरिवंश आचार्यले निर्वाह गरेको हरिबहादुरको चरित्रबाट फिल्म प्रभावित रहेको जनाइएको छ । हरिबहादुर दर्शकले निकै रुचाएको पात्र हो । हरिवंशले ‘हरिबहादुर’ नाममा उपन्यास समेत लेखेका छन् ।

# “राजागंज” ट्रेलर : मधेश आन्दोलनको पृष्ठभूमिमा बालक अपहरणको कथा

‘सेतो सूर्य’ र ‘हाइवे’बाट अन्तर्राष्ट्रिय ख्याती कमाएका निर्देशक एवं लेखक दीपक रौनियारको नयाँ फिल्म ‘राजागंज’ (पूजा, सर) को ट्रेलर सार्वजनिक गरिएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ३ मिनेट लम्बाईको ट्रेलरले २०७२ सालमा संविधान जारी भएपछि त्यसको विरोधमा भएको मधेश आन्दोलनलाई केन्द्रमा राखेर फिल्मको कथा भनिएको जानकारी गराउँछ ।

मधेशमा आन्दोलन चर्किरहँदा अपहरणमा परेका सभासद् र विद्यालयकी प्रधानध्यापकका छोरालाई मुक्त गराउन प्रहरीले चालेको खोजी अप्रेसनलाई ट्रेलरमा देखाइएको छ । आन्दोलनका बीच प्रहरीले दुई बालकलाई खोज्न गरेको संघर्ष र त्यस क्रममा आइपर्ने जटिलतामा केन्द्रित रहेको ट्रेलरमा प्रहरीको भूमिकामा रहेकी अभिनेत्री आशा मगराती बढी हावी छिन् ।

कार्यक्रममा निर्देशक रौनियारले ‘राजागंज’ आफ्नो करिअरकै सबैभन्दा ठूलो फिल्म रहेको बताए । उनले भने, ‘मैले यसअघि यति ठूलो फिल्म बनाएको थिइनँ । कलाकारसहित फिल्ममा एक हजार संलग्न थिएँ ।’ उनले फिल्मलाई सन् २०१५ को परिवेशमा तयार पारिएको जानकारी दिए । अन्तर्राष्ट्रिय फेस्टिभलहरुमा फिल्म प्रशंसित भएकाले नेपाली दर्शकलाई पनि मनपर्ने उनको विश्वास छ ।

आगामी चैत १ गतेबाट प्रदर्शन हुन लागेको फिल्ममा आशासहित दयाहाङ राई, विजय बराल, ऋचा शर्मा, पशुपति राई, निकिता चाण्डक (पूर्वमिस नेपाल), गौमाया गुरुङ, पुष्पा यादव, आरती मण्डल, घनश्याम मिश्र, परमेश्वर कुमार झा, नीरज श्रेष्ठ लगायतको अभिनय छ । फिल्मले भेनिस, ह्याम्बर्ग, बुसान जस्ता विश्वका प्रतिष्ठित महोत्सवहरु घुमिसकेको छ ।

आदि फिल्मसको तर्फबाट दीपक रौनियार र आशा मगराती, ‘कबड्डी’ निर्माण कम्पनी बाँसुरी फिल्मसको तर्फबाट रामबाबु गुरुङ तथा तन्हाउसर गेटको तर्फबाट एलन आर मिलिगनले फिल्मको निर्माणमा सहकार्य गरेका छन् । नर्वेजियन सिनेमा इन्स्टिच्युटको सोर्फोन्डबाट आर्थिक सहयोग समेत प्राप्त गरेको फिल्मको कार्यकारी निर्मातामा बलिउड निर्देशक अनुराग कश्यप रहेका छन् ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- २८, २०८१ साल फागुन् २० गते मंगलबार (MAR 4, 2025)

# गोकुलगंगा युवा सञ्जालले आयोजना गरेको बागमति प्रदेश स्तरिय पुरुष भलिबल प्रतियोगीताका झलक हरु






















# हुन्डाईको बहुप्रतिक्षित क्रेटा इभी भित्रियो नेपाल, अर्को सातादेखि बिक्रीमा राखिने

**काठमाडौं–** हुन्डाईको क्रेटा इभी नेपाल आएको छ। हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले क्रेटा इभी पहिलो चरणमा ६ वटा ल्याएको हो । गाडी गत बिहिबार भैरहवा भन्सारबाट छुटाएको कम्पनीले जनाएको छ ।

क्रेटा इभी हुन्डाईको बहुप्रतीक्षित मोडल हो । यो गाडी भारतीय बजारमा दुई महिनाअघि सार्वजनिक गरिएको थियो ।

कम्पनीले मूल्य भारु १७ लाख ५२ हजार देखाएर भन्सारबाट छुटाएको छ। गाडीको एमआरपी मूल्य नेपाली बजारमा साढे ५६ लाख रुपैयाँ हाराहारी पर्ने कम्पनीले जनाएको छ । कम्पनीले बिक्री प्रयोजनका लागि नभइ डेमोका लागि भनेर छुटाएको हो ।

हुन्डाई क्रेटा इभीको डिजाइन पेट्रोल इन्जिनसँग मिल्दोजुल्दो छ । यसमा नयाँ ग्रिल, नयाँ हेडलाइट र टेललाइट तथा नयाँ बम्पर राखिएको छ । गाडीमा ठूलो टचस्क्रिन इन्फोटेनमेन्ट सिस्टम, डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर, वायरलेस चार्जिङ लगायत धेरै सुविधा समावेश छन् ।

हुन्डाई क्रेटा इभीमा दुईवटा ब्याट्री विकल्प छन् । एउटा ४२ किलोवाट आवरको ब्याट्री छ जसले करिब ३९० किलोमिटरको रेन्ज दिन्छ । ५१.४ किलोवाट आवरको ब्याट्रीले करिब ४७० किलोमिटर रेन्ज प्रदान गर्छ । अहिले नेपाल आएको गाडीमा ४२ किलोवाट



आवरको ब्याट्री छ ।

यो गाडी अर्को सातादेखि बिक्री गर्न थाल्ने कम्पनीको तयारी छ ।

## प्रजातन्त्र दिवस भव्यरूपमा मनाऔं ।

◆प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो,
◆आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो,
◆आफ्ना प्रतिनिधिहरू मार्फत शासनमा नागरिकको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो,
◆शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन प्रजातन्त्रको आधार हो,
◆प्रजातन्त्र एक पद्धती, व्यबहार र आचरण पनि हो,

त्यसैले,

◆प्रजातान्त्रिक संस्कार, आचार र व्यवहारको अवलम्बन प्रत्येक नागरिकको कर्तव्य हो,
◆त्यस तर्फ सचेत बनौं ।
◆७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार